# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २१५ काठमाडौं मंगलबार, १९ मंसिर २०८० Prabhab National Daily Tuesday, December 5, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


# महासचिव चन्दसहित नेकपा नेताहरूविरूद्ध पक्राउ पुर्जी



- महासचिव नेत्रविक्रम चन्द, प्रवक्ता खड्गबहादुर विश्वकर्मा, माइला लामा र राजु कार्कीविरूद्ध पक्राउ पुर्जी
- ३५ दिनभित्र अदालतमा उपस्थित हुन आदेश
- २१ फागुन २०७७ मा भएको सहमतिको पालना नभएको भन्दै नेकपा असन्तुष्ट

राज्यले कानुन बनाएर निष्कर्ष नदिएसम्म अदालतले आफ्नो प्रक्रिया अगाडि बढाउँछ ।

**नेत्रविक्रम चन्द**
महासचिव, नेकपा

## पक्राउ पुर्जी गलत : प्रधानमन्त्री

आफू नेतृत्वको नेकपा माओवादी केन्द्रसँग एकता प्रक्रियामा रहेको दल नेकपाका महासचिव चन्दसहितका नेताहरूविरुद्ध पक्राउ पुर्जी जारी भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल असन्तुष्ट भएका छन् । उनले अदालतबाट जारी भएको पक्राउ पुर्जीलाई गलत भने ।

कोप-२८ मा सहभागी भएर आएपछि सोमबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सञ्चारकर्मीरूसँग कुराकानी गर्दै उनले पक्राउ पुर्जीलाई ठीक मान्न नसकिने बताए । 'चन्दलाई वारेन्ट जारी गलत भयो । यसबारे वार्ता भइरहेको छ,' उनको भनाइ छ ।

■ जेबी योञ्जन

**काठमाडौं–** हिंसात्मक गतिविधि छाडेर शान्तिपूर्ण राजनीतिमा आएको तीन वर्ष हुन लाग्दा फेरि नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का महासचिव नेत्रविक्रम चन्दसहितका नेताहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको छ । यससँगै मुलुकको राजनीतिमा तरंग उत्पन्न भएको छ ।

नेकपाले देशलाई द्वन्द्वमा धकेल्ने सरकारी कदमको रूपमा टिप्पणी गरेको छ । २१ फागुन २०७७ मा तत्कालीन सरकार र चन्दको दलबीच भएको तीनबुँदे सहमति तोडिएको अर्थमा पनि नेकपाले व्याख्या गरिसकेको छ ।

सहमतिको तेस्रो बुँदामा भनिएको थियो, 'नेपाल सरकार नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको प्रतिबन्ध हटाउन, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताको रिहाइ र सम्पूर्ण मुद्दाहरू खारेज गर्न सहमत भएको छ ।' सहमति भएको तीन वर्ष हुन लाग्दासम्म नेकपाका केही नेता कार्यकर्तामाथिको मुद्दा खारेज भएकै छैन । देशका विभिन्न जिल्ला अदालतहरूमा अझै पनि थुप्रै मुद्दा विचाराधीन छन् ।

काठमाडौं जिल्ला अदालतमा पनि ९ असोज २०७६ मा राज्यविरुद्धको कसुरमा दायर मुद्दाको किनारा लागेकै छैन । उक्त मुद्दामा अदालतले मंसिर १० गतेको आदेशअनुसार ३५ दिनभित्र अदालतमा उपस्थिति हुन आदेश दिएको हो । यससम्बन्धी सूचना सोमबार प्रकाशित गोरखापत्रमा उल्लेख छ ।


पक्राउ पुर्जी जारी भएको विषयले थप गम्भीर बनाएको चन्दले बताइसकेका छन् । राज्यका सबै निकायले विगतमा भएका सहमतिको पालना गर्नुपर्नेमा उनको छ । उनले प्रभावसँग भने, 'जहाँसम्म अदालतको कुरा छ कि राज्यले कानुन बनाएर निष्कर्ष नदिएसम्म अदालतले आफ्नो प्रक्रिया अगाडि बढाउँछ ।'

वि.सं. २०७४ को निर्वाचनअघि चन्द नेतृत्वको नेकपाले राज्यविरुद्ध भूमिगत विद्रोह गरेको थियो । २८ फागुन २०७५ देखि नेकपा हिंसात्मक आन्दोलनमा होमिएको थियो । पछि २१ फागुन २०७६ मा देशमा शान्ति सुव्यवस्था र अमनचयनका लागि भनेर नेकपा र डा. सिके राउत नेतृत्वको तत्कालीन स्वतन्त्र मधेस गठबन्धनलाई केपी शर्मा ओली नेतृत्वको सरकारले शान्ति प्रक्रियामा जोडेको थियो । तर, अझै अदालतहरूमा पुगेका मुद्दाहरू खारेज भएको छैन ।

परिणामतः चन्दसहितका नेताहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

(बाँकी पृष्ठ २ मा)

# शक्तिको दम्भ देखाउँदै प्रधानमन्त्री



- सोमबार प्रधानमन्त्रीले केही सञ्चारकर्मीहरूलाई डाकेर आफू थप शक्तिशाली भएको संकेत गरे
- अर्थतन्त्र निरन्तर ओरालो लागेको विषयमा प्रधानमन्त्रीले फेरि तत्कालै समाधानको उपाय खोजी गरिने वचन दिए
- कोप-२८ बाट फर्कँदा दुबईबाट खासै उपलब्धिमूलक खबर नल्याए पनि आफूले 'फलोअप' गरिरहने दाहालको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले गठबन्धन सरकारमा आफू अझै शक्तिशाली देखाउन भरमग्दुर प्रयास गरेका छन् । कोप-२८ मा सहभागी भएर दुबईबाट फर्कलगत्तै प्रधानमन्त्री दाहालले आफू भाग्यमानी भएको दाबीसमेत गर्न भ्याएका छन् ।

हुन त प्रधानमन्त्री दाहालले आइतबार साँझ विमानस्थलबाटै उक्त सन्देश दिन खोजेका थिए । सरकार गतिहीन भएको बेला मन्त्रीहरू फेरबदल हुने चर्चा छ । नेपाली कांग्रेसले अर्थमन्त्री डा. प्रकाशशरण महत, परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, उद्योगमन्त्री रमेश रिजाल, स्वास्थ्यमन्त्री मोहन बस्नेत र खेलकुदमन्त्री डिगबहादुर लिम्बूको कार्यप्रगतिमाथि फिटिक्कै चित्त बुझाएको छैन । माओवादीबाट गृहमन्त्री बनेका उपाध्यक्ष नारायणकाजी श्रेष्ठको कार्यसम्पादनमाथि माओवादी नै असन्तुष्ट छ । यस्तो अवस्थामा बेलाबेला मन्त्रिपरिषद् फेरबदल हुन सक्ने भन्दै पार्टीभित्रै चर्चा चल्छ ।

यसै विषयमा विमानस्थलको विशिष्ट कक्षमा प्रधानमन्त्रीलाई प्रश्न सोधिएको थियो । 'यस विषयमा गठबन्धनमा छलफल भएको छैन । सोचिएको पनि छैन । मेरो दिमागमै छैन । यो ऱ्युमर मात्र हो,' प्रधानमन्त्रीले आफ्नो सरकार अझै बलियो भएकोतर्फ संकेत गर्दै भने ।

'तर पनि म लक्की छु'

सोमबार नै प्रधानमन्त्रीले केही सञ्चारकर्मीहरूलाई डाकेर आफू थप शक्तिशाली भएको प्रस्ट पारे । उनले आफू राजनीतिमा भाग्यमानी रहेको बताए । ३२ सिटे पार्टीले सरकारको नेतृत्व गरिरहेको र त्यो सरकार रहेको गठबन्धन बलियो रहेकोले आफू भाग्यमानी भएको प्रधानमन्त्रीको भनाइ थियो । 'मलाई थाहा छ मेरो संसद्मा ३२ सिट छ र म शक्तिशाली पनि छैन । तर पनि म लक्की छु, किनकि यो गठबन्धन तत्काल टुट्नेवाला छैन,' प्रधानमन्त्री दाहालले भने ।

निर्वाचनपछि १० पुसमा नेकपा एमालेसहितको दलको समर्थनमा प्रधानमन्त्री बनेका दाहालले करिब दुई महिनापछि राष्ट्रपति निर्वाचनका बेला नेपाली कांग्रेसलाई साथ दिए । लगत्तै एमालेसँगको सम्बन्ध टुटेको थियो । आफू नेतृत्वको सरकारले करिब एक वर्ष पूरा गर्न लाग्दा उनी सरकार तलमाथि नहुनेमा विश्वस्त देखिएका हुन्

गठबन्धनका अन्तरविरोधहरूले सरकारको भविष्यमा कुनै असर नगर्ने ठोकुवासमेत दाहालले गरेका थिए । 'तपाईंहरूले गठबन्धनभित्र पनि कतिपय अन्तरविरोधहरू देख्नु, सुन्नुभएको होला तर ती सरकारको भविष्यलाई प्रभाव पार्ने स्तरमा छैनन् ।'

### अर्थतन्त्र "ग्रिन बन्ने" ललिपप

दाहाल प्रधानमन्त्री बनेयता अर्थतन्त्र लगातार ओरालो लाग्दो छ । अर्थमन्त्री डा. महत र गभर्नर महाप्रसाद अधिकारीबीचका द्वन्द्व बढ्दा अर्थतन्त्र कहाँ पुगेर दुर्घटना हुने हो, थाहा पत्तो छैन । (बाँकी पृष्ठ २ मा)

## भट्टराईलाई 'रेड कार्पेट', चन्दलाई कार्ड

संयोग भनौं, प्रधानमन्त्री पुष्पकमल दाहाल बालुवाटार आइपुगेको भोलिपल्टै नेत्रविक्रम चन्दविरुद्ध ३५ दिने पक्राउ सूचना जारी भयो । लगभग माओवादीको नियन्त्रणमा रहेको गोरखापत्रबाट चन्दलाई पक्राउ पुर्जी जारीको सूचना प्रकाशन हुनु नै हास्यास्पद भएको कतिपय बताउँछन् । माओवादीका अध्यक्षसमेत रहेका प्रधानमन्त्री दाहालकै अगुवाइमा गठन भएको मोर्चाका एक सदस्य हुन् चन्द । उनै चन्दविरुद्ध 'रेड कार्ड' देखाएर दाहालले सर्वसाधारणको मन जित्न खोजेको बताइन्छ ।

यही विषयमा सञ्चारकर्मीहरूसँग भने दाहालले असन्तुष्टि पोखेका थिए । 'जे भयो गलत भयो । सरकारले विप्लवहरूसँग सम्झौता गरिसकेको छ । सहमति गरेर उनीहरू शान्ति प्रक्रियामा आइसकेका छन् । शान्तिपूर्ण राजनीतिमै भएको हुनाले उनीहरूलाई फेरि फर्काएर अप्ठ्यारो पार्न हुँदैन । सबै बुझेर थप कुरा पछि आउँछ,' बालुवाटारमा दाहालले भने ।

ठीक यही बेला पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई भने दाहालले रातो कार्पेट ओछ्याउने संकेत गरेका छन् । पार्टीमा आफूपछिको नेताका रूपमा बाबुरामलाई भित्र्याउने प्रयास गरे पनि केही नेताले मानेका छैनन् । बाबुराम आफू भने पार्टीमा जुनसुकै भूमिकामा आउन चाहेको उनीनिकट नेताहरू बताउँछन् । बाबुरामलाई नेपाल समाजवादी पार्टी माओवादीमा विलय गराउन बागमती प्रदेशका आन्तरिक मामिलामन्त्रीसमेत रहेका गंगानारायण श्रेष्ठ प्रयासरत छन् ।

**सन्दर्भ: वैदेशिक रोजगार**

# रूसी सेनामा कार्यरत ६ नेपालीको मृत्यु पुष्टि

## युद्धग्रस्त मुलुकको सेनामा भर्ना नहुन परराष्ट्रको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले रुसी सेनामा भर्ती भएका छ जना नेपालीको मृत्यु भएको पुष्टि गरेको छ । परराष्ट्र मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै रुसी सेनामा भर्ती भई रसिया-युक्रेन युद्धमा संलग्न उनीहरूको मृत्यु भएको जनाएको हो । 'रुसमा हालै छ जना नेपाली नागरिकको रुसी सेनामा कार्यरत रहँदा दुःखद निधन भएको जानकारी प्राप्त भएको छ,' मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ ।

रुसी सेनामा भर्ती भई मृत्यु हुनेमा गोरखाका सन्दीप थपलिया, कपिलवस्तुको वाणगंगा-१ का रूपक कार्की, पोखराका देवान राई, स्याङ्जा पुतलीबजार-५ का प्रितम कार्की, दोलखाको मेलुङ-६ का राजकुमार रोका र इलामका गंगाराज मोक्तान रहेका मन्त्रालयले जनाएको छ । परराष्ट्रले रुसी सरकारलाई मृतकहरूको शव यथाशीघ्र नेपाल पठाउन तथा पीडित परिवारहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन आग्रहसमेत गरेको छ ।

परम्परागतरूपमा रहेको सम्झौताअन्तर्गत केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ती हुँदै आएकोबाहेकका मुलुकमा सेनामा भर्ती हुन दिने नेपाल सरकारको नीति नरहेको पनि परराष्ट्रले प्रस्ट पारेको छ । तसर्थ रुसी सेनामा भर्ना नगर्न र कुनै नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउनसमेत रुसी सरकारलाई आग्रह गरिएको छ ।

त्यसैगरी, सरकारी कामकाज, रुसी सरकारको छात्रवृत्ति तथा पेसा व्यवसायमा संलग्न भएकालाई बाहेक अन्य सर्वसाधारण नागरिकहरूलाई रुस यात्रा गर्नु परेमा परराष्ट्र मन्त्रालयअन्तर्गतको कन्सुलर सेवा विभागबाट 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) लिएर मात्र यात्रा गर्न पनि सर्वसाधारण सबैमा मन्त्रालयले अपिल गरेको छ । त्यस्तै मन्त्रालयले कसैको प्रलोभनमा परी वा गलत सूचनाका आधारमा युद्धग्रस्त मुलुकको सेनामा भर्ना नहुन पनि सम्बन्धित सबैलाई सचेत गराएको छ ।

# युद्धका कारण रोकिएका कामदार इजरायल उडे

■ प्रभाव संवाददाता

**काठमाडौं–** युद्धरत अवस्थामा रहेको इजरायलस्थित दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदार (केयर गिभर) को रूपमा काम गर्न ११ जना नेपाली त्यसतर्फ प्रस्थान गरेका छन् । गत असोज २२ गते (अक्टोबर ७)मा प्यालेस्टिनी लडाकु समूह हमासले गाजापट्टीमा आक्रमण गरेका कारण सबै प्रक्रिया पूरा भई भिसा प्राप्त गरे पनि इजरायल जान नपाएका उनीहरूलाई सरकारले जाने अनुमति दिएको हो ।

गाजामा हमास समूहले आक्रमण गरेपछि युद्ध छेडिएको भन्दै इजरायलले जवाफी आक्रमण गरेपश्चात् जटिल अवस्था सिर्जना भएको भन्दै सरकारले असोज २४ गते इजरायल उडानका लागि टिकट लिएका २४ जनालाई रोकेको थियो । सो बखत इजरायलको गाजापट्टीमा हमासले गरेको आक्रमणमा परी १० नेपालीको मृत्यु भएको थियो ।

युद्धरत अवस्था भए पनि जोखिन हुने नदेखिएका कारण उनीहरूलाई इजरायल जान दिइएको बताइएको छ । २४ जनामध्ये ११ जना रोजगारीका लागि इजरायल उडेसँगै बाँकी १३ जनालाई पनि चाँडै पठाइने वैदेशिक रोजगार विभागका महानिर्देशक मदन दाहालले बताए ।

उड्ने मिति तय भएर पनि युद्धका कारण रोकिएका उनीहरूले रोजगारीका लागि इजरायल जान पाउनुपर्ने माग राख्दै आएका थिए । नेपाल र इजरायलबीच भएको जिटुजी सम्झौताअनुसार पहिलो चरणमा झण्डै १२ सय नेपाली युवालाई केयर गिभरमा लैजान छनोट गरिएको थियो । छनोटमा परेका केयर गिभरहरूलाई क्रमशः इजरायल लगिँदै आएकोमा अन्तिममा २४ जना बाँकी रहेका थिए । यद्यपि, उनीहरू सबै रोजगारीका लागि इजरायल जाने प्रबन्ध मिलाइएको विभागले जनाएको छ । परराष्ट्र मन्त्रालयका अनुसार हाल इजरायलमा चार हजार ५०० नेपाली केयर गिभरको रूपमा काम गरिरहेका छन् ।

यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहालले प्यालेस्टिनी विद्रोही समूहले नियन्त्रणमा लिएका नेपाली युवा वीपिन जोशी जीवितै रहेको बताएका छन् । उनले सोमबार सञ्चारकर्मीहरूसँगको भेटमा जोशी जीवितै रहेको र उनलाई रिहा गर्ने विश्वास दिलाइएको जानकारी दिए । यद्यपि, जोशीको उद्धारका लागि सरकारले पहल गरिरहेको प्रधानमन्त्री दाहालले बताए ।




# कामपाले गऱ्यो तीन हजारभन्दा बढी कुकुरको बन्ध्याकरण

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले विगत दुई महिनाको अवधिमा तीन हजार ४६९ सामुदायिक कुकुरको बन्ध्याकरण गरेको छ ।

सामुदायिक कुकुर नियन्त्रण गर्ने उद्देश्यले कामपाले गत असोज दोस्रो सातादेखि बन्ध्याकरण अभियान सुरु गरेको थियो । कुकुर व्यवस्थापन हुन नसकेको गुनासो आउन थालेपछि कामपाले बन्ध्याकरण र रेबिजविरुद्ध खोप अभियान सुरु गरेको हो ।

कामपा कृषि विभाग प्रमुख डा. अवधेश झाका अनुसार यसै अवधिमा पाँच हजार ३२० वटा कुकुरलाई रेबिजविरुद्धको खोपसमेत दिइएको छ । कामपा-४, ७, ९, ११, १४, १५, २५, ३१ र ३२ बाट उक्त अभियान सुरु गरेको हो । अभियानअन्तर्गत आगामी पुस पहिलो सातासम्ममा पाँच हजार ८०० कुकुरको स्थायी बन्ध्याकरण र १६ हजारलाई रेबिजविरुद्ध खोप दिने तयारी छ ।



विभिन्न नौ संघसंस्थाको सहकार्यमा गरिएको उक्त कार्य दैनिक २०० कुकुरको बन्ध्याकरण गर्ने लक्ष्यका साथ काम अघि बढाइएको छ । यसका लागि दैनिक ५० जनाको विभिन्न समूह खटिएको छ ।

कुकुरको अनियन्त्रित प्रजनन हुन नदिन गरिने स्थायी बन्ध्याकरण, कुकुर नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय हो । शल्यक्रियामार्फत गरिने बन्ध्याकरण स्थायी हुने, भाले र पोथी दुवै कुकुरका लागि उपयोगी हुने हुनाले यो सबैभन्दा धेरै प्रयोग हुने विधि रहेकाले कामपाले सोही विधि अपनाएको जनाइएको छ ।

हाल कामपामा २२ हजार सामुदायिक कुकुर रहेको अनुमान गरिएको छ । बिहान दिउँसो अथवा उज्यालोमा भन्दा बढी साँझ र बेलुकी सामुदायिक कुकुर बढी आक्रामक हुने गर्दछन् ।

रोगी अपांगता भएका वा अन्य समस्या भएपछि घरपालुवा कुकुरलाई मालिकहरूले घर निकाला गर्ने सडकमा ल्याई छाड्ने चलन र सडकमा रहेका कुकुरको अनियन्त्रित प्रजननले गर्दा पछिल्लो समय सामुदायिक कुकुरको संख्या बढ्ने गरेको बताइएको छ ।

नेपालको मुलुकी अपराधसंहिता २०७४ बमोजिम कसैले पशुपक्षीलाई कुटी, हिर्काइ, बोक्न नसक्ने गरी भारी बोकाई वा हानिकारक वस्तु सेवन गराएमा वा अन्य प्रकारको यातना दिएमा पशुपक्षीप्रति निर्दयी व्यवहार गरेको मानी तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । कामपाले केही समयभित्र चौपायालाई ओसारपसार गर्ने एम्बुलेन्स खरिद गर्ने पनि जानकारी दिएको छ । *रासस*

# नवनियुक्त न्यायाधीशले लिए शपथ



**काठमाडौं (प्रस)–** विशेष अदालतमा नवनियुक्त अध्यक्ष तथा सदस्यहरूले पद तथा गोपनीयताको शपथ लिएका छन् । सर्वोच्च अदालतमा सोमबार आयोजित समारोहमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले विशेष अदालतका नवनियुक्त अध्यक्ष तथा सदस्यहरूलाई शपथ ग्रहण गराएका हुन् ।

न्याय परिषद्को यही मंसिर ५ गते बसेको बैठकमा विशेष अदालतको अध्यक्षमा उच्च अदालत दीपायलका न्यायाधीश टेकनारायण कुँवरलाई अध्यक्ष नियुक्ति गर्न परामर्श गर्ने निर्णय गरेको थियो । सो बैठकले सदस्यहरूमा उच्च अदालत जनकपुर, राजविराज इजलासका न्यायाधीश तेजनारायण सिंह राई, उच्च अदालत विराटनगर, धनकुटा इजलासका न्यायाधीश रामबहादुर थापा, उच्च अदालत पाटनका न्यायाधीश मुरारीबाबु श्रेष्ठ, उच्च अदालत विराटनगरका न्यायाशीश रितेन्द्र थापालाई सिफारिस गरेको थियो ।

# एनसेलको सेयर खरिद-बिक्री शंकाको घेरामा

**काठमाडौं–** दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल आजियटा लिमिटेडको सेयर स्वामित्व खरिद-बिक्री विवाद र शंकाको घेरामा परेको छ ।

मलेसियन कम्पनी 'आजियटा ग्रुप बर्हाड' ले गत शुक्रबार एनसेलको ८० प्रतिशत सेयर स्वामित्व अर्को कम्पनी 'स्पेक्ट्रलाइट युके लिमिटेड'लाई बेच्ने निर्णय गरेपछि उक्त व्यावसायिक कारोबार सम्झौताले नेपालमा तरंग पैदा भएको छ । राज्यका निकायलाई समेत जानकारी नहुनेगरी मुलुकबाहिरबाट सेयर खरिद-बिक्री भए भन्दै यो व्यावसायिक कारोबारको कानुनी प्रक्रिया र आर्थिक पादर्शितामाथि प्रश्न उठेका हुन् ।

एनसेलको स्वामित्व खरिद-बिक्री भएको विषयमा सार्वजनिक लेखा समितिले पनि चासो देखाएको छ । समितिले एनसेल खरिद-बिक्रीका विषयमा जानकारी मागसहित आन्तरिक राजस्व विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई पत्र पठाएको समितिका सचिव एकराम गिरीले पुष्टि गरे ।

एनसेलको सेयर खरिद-बिक्रीमा देखिएका प्रश्न र शंकाबारे सरकारले जवाफ दिनुपर्ने सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल बताउँछन् । 'यो खरिद-बिक्रीका सन्दर्भमा नागरिकस्तरबाट प्रश्न उठिरहेका छन् । सरकार उत्तरदायी र नागरिकका प्रश्नमाथि जवाफदेही हुनुपर्छ,' उनले भने, 'यो खरिद-बिक्री प्रक्रिया विधिसम्मत हो कि होइन ? हाम्रो ऐन कानुनअनुसार भएको छ कि छैन ? यसले सरकारी आय र राजस्वमा के प्रभाव पार्छ ? सेवा प्रवाहमा के असर गर्छ ? लगायत विषयमा सम्बन्धित निकायसँग जानकारी मागिएको छ ।'

दूरसञ्चार नियमावली, २०५४ को नियम १५ (ट) बमोजिम चुक्ता पुँजीको प्रतिशत सेयर खरिद-बिक्री गर्नुअघि नेपाल दूरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ । त्यस्तै, नेपाल दूरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४ (क) मा सेयरधनीको सेयर खरिद-बिक्री वा नामसारी गर्नुपूर्व प्राधिकरणको अनुमति वा स्वीकृति प्राप्त गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । आजियटाले यो प्रक्रिया पूरा गरे/नगरेकोबारे लेखा समितिले प्राधिकरणसँग जवाफ मागेको छ ।

त्यस्तै, निकै कम रकममा सेयर कारोबार भएको देखिएपछि यो व्यावसायिक सम्झौता थप शंका गर्ने ठाउँ देखिएको छ । सन् २०१६ मा तत्कालीन माउ कम्पनी स्वीडेनको टेलियासोनेराले एनसेलमा रहेको ८० प्रतिशत सेयर एक अर्ब ३६ करोड ५० लाख अमेरिकी डलर अर्थात् एक खर्ब ४४ अर्ब सात करोड रूपैयाँमा मलेसियन कम्पनी आजियटालाई बिक्री गरेको थियो । तर अहिले सोही सेयर पाँच करोड डलर अर्थात् साढे छ अर्बमा बिक्री भएको छ ।

त्यस्तै यो कारोबारमा आयकर ऐन, २०५८ अनुसार पुँजीगत लाभकरसम्बन्धी व्यवस्थालाई कसरी सम्बोधन गरिएको छ भन्ने पनि स्पष्ट छैन । पाँच करोड रूपैयाँभन्दा बढी चुक्ता पुँजी भएको दूरसञ्चार सेवा प्रदायक कम्पनी दुई वर्षभित्र पब्लिक लिमिटेड कम्पनीमा परिणत भई यस्तो कम्पनीले सेयर कारोबार गर्न नेपाल धितोपत्र बोर्डमा सूचीकृत हुनुपर्नेमा सो सम्बन्धमा एनसेल नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको छैन । यसबारे पनि लेखा समितिले प्रश्न गरेको छ ।

'नेपालको कर प्रणाली छलेर भएको सेयर खरिद-बिक्री वा हक हस्तान्तरण नेपालका नियमनकारी संस्थाहरूलाई जानकारी नै नदिइकन भएको भन्ने सुनिन आएकाले यो खरिद-बिक्रीको प्रक्रिया र पारदर्शितामाथि सम्बन्धित नियमनकारी निकायको के भनाइ रहेको छ ?,' लेखा समितिले आन्तरिक राजस्व विभाग, दूरसञ्चार प्राधिकरण र कम्पनी रजिस्ट्रारको कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### शक्तिको दम्भ...

तर, प्रधानमन्त्री दाहालले नेपालमा आर्थिक संकट रहेको र यसको समाधान तत्कालै खोज्नुपर्छ भन्ने कुरा सबैतिरबाट आएकाले यसका लागि सरकार केन्द्रित भएको बताए ।

'एकपटक आर्थिक 'एजेण्डा'मा धक्का दिएर अर्थतन्त्रमा सुधार ल्याउन सकियो भने अब मुलुक राम्रोसँग अघि बढ्छ भन्ने मेरो आत्मविश्वास छ, यसका लागि निजी क्षेत्र तथा सरोकारवालासँग बारम्बार छलफल गरिरहेका छौं र अब फेरि अर्को यस्तै राष्ट्रियस्तरको छलफलको तयारी पनि गरिरहेका छौं,' प्रधानमन्त्रीले भने । दुबई जानुअघि प्रधानमन्त्रीले अर्थतन्त्रको संकटमोचन गर्न निजी क्षेत्रसँग छलफल गरेका थिए । तर उक्त छलफल 'हात्ती आयो, हात्ती आयो फुस्स' केही बनेन ।

दाहालले अर्थतन्त्र सुधारको ललिपप देखाउन थालेको यो पहिलोपटक होइन । यसअघि पनि पर्यटकको आगमन, मुद्रा सञ्चिति, रेमिटचान्सको अवस्था देखाउँदै प्रधानमन्त्रीले सुधारको संकेत देखिसकेको बताउँथे । 'आर्थिक सूचकांक हेर्दा राम्रै देखिन्छ, पर्यटक आगमन, रेमिटचान्सको अवस्था एवं वैदेशक मुद्राको सञ्चिति हेर्दा पनि सबै ठिकै देखिन्छ । तर वातावरण छैन भन्ने छ अनि व्यवसायीहरू सटर बन्द भएको भयै छ भन्छन् । त्यसैले अब यो के हो त भन्ने बारेमा पुनः एकपटक गम्भीर रूपमा छलफल गर्नेछौं,' दाहालले फेरि दोहोऱ्याए ।

लघुवित्त तथा सहकारीसम्बन्धी नीति, बैंकको ब्याज तथा व्यवसायीलाई दिने प्याकेज आदि विषयमा सरकारले धेरै निर्णय पनि गरिसकेको तर कता-कता यस विषयमा गाँठो नफुकेको पो हो कि भन्ने देखिएकाले सरकार यसको आवश्यक निदानका लागि लाग्ने उनको भनाइ थियो ।

विदेश भ्रमणमा रेकर्ड नै कायम गर्न लागेका प्रधानमन्त्री दाहालले दुबईबाट खासै उपलब्धिमूलक खबर त ल्याएनन् तर सहयोगको अपेक्षा भने अझै रहेको उल्लेख गरे । 'जलवायु परिवर्तनको असरका कारण प्राप्त गर्न पाउनुपर्ने अधिकारका कुरा राखेका छौं र राष्ट्रसंघले पनि महसुस गरेको छ । यसबाट अहिले विश्व समुदायलाई पनि जानकारी दिने काम भएको छ । त्यसैले हामीले सहयोग प्राप्त गर्छौं भन्ने मेरो विश्वास छ र यसका लागि नेपालका सम्बद्ध सबै निकायलाई 'फलो अप' गर्न पनि भनिसकेको छु,' दाहालले भने ।

### महासचिव चन्दसहित ...

अदालतले चन्दसहित पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा, नेता माइला लामा र अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका अध्यक्ष राजु कार्कीविरुद्ध पक्राउ पुर्जी जारी गरिएको हो । 'यो पक्राउ पुर्जीको सूचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफूसँग भएको सबुद प्रमाणसहित तपाईं आफैं उपस्थित हुनुहोला,' पक्राउ पुर्जीमा भनिएको छ, 'तपाईंहरूले म्याद गुजारी बसेमा मुद्दा कानुनबमोजिम हुने छ, पछि तपाईंको उजुरबाजुर लाग्ने छैन ।'

अदालतको यही १० मंसिरको आदेशअनुसार मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को ५८ (१३) बमोजिम ३५ दिनको पक्राउ पुर्जी जारी गर्न दिएको आदेशअनुसार सूचना प्रकाशित गरिएको भनिएको छ । उनीहरूविरुद्ध संघीय एकाइबीच तथा विभिन्न जातजाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल पारेर राज्यविरुद्ध कसुर गरेको अभियोग लगाइएको थियो ।

अभियोगपत्रमा नेताहरू दीपेश राई, हेमन्तप्रकाश ओली, उदयबहादुर चलाउने, चन्द्रबहादुर खड्का, नवीन विष्ट र केदार खतिवडालाई पनि विपक्षी बनाइएको थियो । अन्य नेताहरू हरिबहादुर खड्का र सुरेन्द्र महर्जनविरुद्ध भने सोही दिन राज्यद्रोहको मुद्दा दर्ता भएको थियो । संगठित आपराधिक समूहमा आबद्ध भई विष्फोटक पदार्थसम्बन्धी कसुर गरेको आरोप पनि उनीहरूविरुद्ध छ । तर, प्रहरीले उनीहरू फरार भएका कारण उपस्थित गराउन नसक्ने जनाएको छ । यसपछि अदालतले ३५ दिने वारेन्ट जारी गरेको हो ।

महासचिव चन्दले सरकार र आफ्नो दलबीच तीनबुँदे सहमति भएपछि बारम्बार आफूसहितका नेता कार्यकर्ताहरूमाथि देशका विभिन्न जिल्ला अदालतमा दायर मुद्दाहरू खारेज गर्न सरकारलाई आग्रह गरेका थिए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओलीलगायत नेताहरूको घरघरमा पुगेका थिए । तर, फौजदारी कानुन संशोधन गरेर मुद्दा खारेज गर्ने काम भएको छैन । जसले गर्दा अदालतहरूमा नेकपाका नेता कार्यकर्ताहरूसँग सम्बन्धित विभिन्न मुद्दाहरू जीवित छन् ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

मंसिर १९ गते २०८०, मंगलबार

| | |
|---|---|
| **मेष** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मिथुन** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ |
| **कन्या** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | परोपकारमा रुचि बढ्नेछ । |
| **वृश्चिक** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कुम्भ** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मीन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर १९ गते, २०८०, ५ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९७ | १३३.५७ |
| युरो | १ को | १४४.७१ | १४५.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९० | १६९.६६ |
| स्विस फ्रेन्क | १ को | १५२.९३ | १५३.६२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७३ | ८९.१३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९५ |
| सिंगापुर डलर | १ को | ९९.७० | १००.१५ |
| जापानी येन | १० को | ९.०६ | ९.१० |
| चिनियाँ युआन | १ को | १८.६२ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.४५ | ३५.६१ |
| कतारी रियाल | १ को | ३६.५२ | ३६.६८ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२० | ३६.३७ |
| मलेसियन रिङेट | १ को | २८.४५ | २८.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.२७ | १०.३२ |
| स्विडिस क्रोनर | १ को | १२.८२ | १२.८८ |
| डेनिस क्रोनर | १ को | १९.४१ | १९.५० |
| हङकङ डलर | १ को | १७.०२ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३०.६४ | ४३२.५९ |
| बहराइन दिनार | १ को | ३५२.७२ | ३५४.३२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# जाजरकोट भूकम्पका चार हजार लाभग्राही थपिए

काठमाडौं (प्रस)– जाजरकोट भूकम्पका लाभग्राहीको संख्या थपिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार झण्डै चार हजारभन्दा बढी लाभग्राही थपिएका छन् ।

यसअघि २८ हजार ५२७ लाभग्राहीको संख्या रहेकामा अहिले बढेर ३२ हजार ५०१ जना पुगेको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए । प्राप्त विवरणअनुसार बझाङमा दुई हजार चार, बाजुरामा दुई हजार ५५५ जाजरकोटमा १३ हजार ७१८ र रुकुम पश्चिममा १४ हजार २२४ जना लाभग्राही कायम भएका छन् ।

उनले अहिलेसम्म १८ हजार ३२८ लाभग्राहीका लागि पहिलो किस्ताबापत ४५ करोड ८२ लाख रकम निकासा भएको छ । लाभग्राही प्रमाणित भएकामध्ये १८ हजार ३२८ लाभग्राहीका लागि पहिला किस्ताबापत ४५ करोड ८२ लाख रकम निकासा भएको खड्काले जानकारी दिए ।

भूकम्पपीडितको राहत व्यवस्थापनको मुख्य जिम्मेवार पालिकाको रहेकाले छिटोभन्दा छिटो रकम वितरण गरेर अस्थायी घर बनाउनुपर्नेमा प्राधिकरणले जोड दिएको छ । प्रवक्ता खड्काले लाभग्राही कायम गरेर मन्त्रालयमा आइपुगेकाहरूको हकमा भने विलम्ब नगरी रकम निकासा गरिरहेको पनि जानकारी दिए ।

# शिक्षा विधेयकमाथि प्रदेशस्तरमा सुझाव मागिने

काठमाडौं– प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० माथि सरोकारवाला पक्षसँग प्रदेशगतरूपमै सुझाव मागिने बताएका छन् ।

गत भदौ २७ गते संसद्मा दर्ता भएको सो विधेयकमाथि प्राप्त १५० भन्दा बढी संशोधन प्रस्ताव सभामुखको सचिवालयबाट समितिमा आएको र त्यसमाथि नियमित विधिवत् छलफलको तयारी भएको जनाउँदै सभापति जोशीले लामो समयको प्रतीक्षापछि विधेयक प्रस्तुत भएकाले यसमा व्यापक परामर्श आवश्यक रहेको बताएका हुन् । सोमबार आयोजित एक अन्तरक्रिया कार्यक्रममा सभापति जोशीले नेपाल शिक्षक महासंघलगायत सरोकार भएका सबै पक्ष र विज्ञका विचार सुनेरमात्रै संशोधनलाई पारित गरिने बताए । समितिकी सदस्य सुमना श्रेष्ठले शिक्षकहरूको सुविधाका लागिमात्रै नभई गुणस्तरीय शिक्षाका लागि पनि बहस हुनुपर्ने बताइन् ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले लामो समयको अन्तरालमा विधेयक आएकाले यसमा गहन छलफल हुनु स्वाभाविक भएको उल्लेख गर्दै विद्यालय शिक्षाको परीक्षा र मूल्यांकन प्रणालीबारे अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा निचोडमा पुग्न आग्रह गरे ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव केशव दाहालले सार्वभौम संसद्मा पुगिसकेको विधेयकमा सांसद्बाट हुने संशोधन सरकारलाई स्वीकार्य हुने जनाउँदै विधेयक दर्ता भएपछि महासंघसँग गरिएका सहमति सदनमा प्रस्तुत भइसकेकाले त्यसलाई मनन् गरिने आशा व्यक्त गरे । महासंघका अध्यक्ष कमला तुलाधरले आफूहरूसँग भएका सहमतिको पालनासहित छिटो विधेयक पारित हुनुपर्ने माग गरे । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले सहमतिमा पनि कतिपय मागहरू छुटेकाले तिनको पनि सम्बोधन हुनुपर्ने बताए ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) का अध्यक्ष डिके ढुंगाना, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एन प्याब्सन) का अध्यक्ष सुवास न्यौपाने, उच्च शिक्षालय तथा विद्यालय संघ (हिसान) का उपाध्यक्ष रामहरि सिलवालले शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा हुनुपर्ने जिकिर गर्दै गुणस्तरीय शिक्षामा निजी शिक्षालयको भूमिकाको अवमूल्यन नगर्न माग गरे ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष गुणराज मुक्तानले सामुदायिक विद्यालयमा समुदाय र अभिभावकको भूमिकालाई अग्राधिकार दिने गरी संशोधन गर्न आग्रह गरे । शिक्षाविद् डा. कृष्णप्रसाद पौडेलले शिक्षा, स्वास्थ्य र रोजगारीमा समान अवसरको वितरण हुन नसक्ने हो भने मानिस सुविधायुक्त स्थानमा बसाइसराइ गर्ने र मुलुकको समग्र विकासमा प्रतिकूल असर पर्ने बताए ।

उक्त विधेयकमा गत असोज २१ गते प्रतिनिधिसभामा सैद्धान्तिक छलफल सकिएर सदस्यहरूलाई संशोधन दर्ताका लागि समय दिइएको थियो । संशोधनमा गत असोज ५ गते शिक्षक महासंघ र असोज १२ गते राहत शिक्षक केन्द्रीय समितिसमेतसँग भएका सहमतिका बुँदालाई समावेश गर्ने प्रयास गरिएको छ । *रासस*

# नेपाल–भारत सीमा स्तम्भको मर्मत सुरु

झापा– झापाको मेचीनगरदेखि गौरीगञ्जसम्मको नेपाल–भारत सीमानामा रहेका ३१७ वटा सीमास्तम्भ मर्मत सोमबारदेखि सुरु भएको छ ।

सशस्त्र प्रहरी बलको भद्रपुरस्थित–२ गणको प्राविधिक टोलीले मेचीनगर नगरपालिका वडा–७ सतिघट्टामा रहेको स्थायी सीमा स्तम्भ (पिपी) ५५ अन्तर्गतको ९१/१ नम्बरको रेफरेन्स सीमा स्तम्भ (आरपी)बाट सोमबार एक समारोहबीच मर्मत शुभारम्भ गरेको हो ।

मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालचन्द्र बुढाथोकी, भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल, सशस्त्र प्रहरी बल १ नम्बर बाहिनी मुख्यालयका बाहिनीपति अञ्जनीकुमार पोखरेल र नेपाल प्रहरीका कोशी प्रदेश प्रमुख राजेशनाथ बाँस्तोलाले सीमा स्तम्भमा संयुक्त रूपमा रङरोगन गरेर सीमा स्तम्भहरूको मर्मतको उद्घाटन गरे ।

बाहिनीपति पोखरेलले कोशी प्रदेशमा पहिलोपल्ट नेपाल–भारत सीमा स्तम्भहरूको मर्मत सम्भार सुरु भएको बताए । उनले कोशी प्रदेशभर भारतसँगको ४३० किलोमिटर लामो खुला सीमानामा कूल ९५७ वटा सीमा स्तम्भ रहेको र सीमा सुरक्षाका लागि एक हजार ५०० जनशक्ति परिचालन गरिएको जानकारी दिए ।

नेपाल र भारतको बोर्डर वर्किङ ग्रुपको सहमतिअनुसार जोर अंकका सीमा स्तम्भको मर्मत सम्भार भारतीय पक्षले र बिजोर अंकका सीमा स्तम्भको मर्मतसम्भार नेपाली पक्षले गर्ने सहमति छ । भारतीय पक्षले झापा जिल्लासँग सीमाना जोडिएका जोर अंकका सीमा स्तम्भहरूको मर्मत सम्भार पहिल्यै गरिसकेको छ ।

झापा जिल्लामा मेचीनगरदेखि गौरीगञ्जसम्मको १४४ किलोमिटर लामो खुला सीमामा नेपाली पक्षले बिजोर अंक भएका ३१७ वटा सीमा स्तम्भको मर्मत सम्भार गर्ने सशस्त्र प्रहरी बलको २ नं गण भद्रपुरका गणपति देवराज अर्यालले बताए । मर्मतसम्भारका क्रममा भत्किएका र ढलेका स्तम्भहरूको पुनःस्थापना र सबै स्तम्भको रङरोगन गरिने उनले बताए ।

झापासँग जोडिएको भारतीय सीमानामा कूल ९५७ वटा सीमा स्तम्भ रहेको र सोमबार मर्मतसम्भार सुरु भएको सतिघट्टादेखि उत्तरतर्फ इलामसम्मको सीमा स्तम्भहरू भने हाल मर्मतसम्भार नगरिने उनले जानकारी दिए । उक्त क्षेत्रका कतिपय सीमा स्तम्भहरू मेची नदीको बाढीले हराएका वा पुरिएको अनुमान गरिएको छ ।

नेपाल सरकारले विशेष कार्यविधि पारित गरेर सशस्त्र प्रहरी बललाई सीमा स्तम्भहरूको सुरक्षा र मर्मत सम्भारको जिम्मेवारी दिएको छ । सतिघट्टा हुँदै दक्षिणतर्फका सबै सीमा स्तम्भहरूको मर्मतसम्भार गर्न सोमबारदेखि प्राविधिक टोली परिचालन गरिएको उनले बताए ।

नेपाल–भारत सीमानाको दशगजा क्षेत्र खाली गर्ने कार्य हालसमेत भइरहेको छ । झापा जिल्लामा रहेको सीमानाको ५५ स्थानमा स्थानीयद्वारा दशगजा अतिक्रमण भएको सरकारी तथ्यांक छ । दशगजामा स्थानीयबासीले कतिपय स्थानमा घर निर्माण गरेका छन् भने अधिकांश अतिक्रमित स्थानमा खेतीपाती छ । केही स्थानमा सडक र कुलो पनि रहेको छ ।

हालसम्ममा झापाको सीमा क्षेत्रमा ३७ स्थानको अतिक्रमण हटाएर दशगजा खाली गरिएको छ भने बाँकी १८ स्थानमा हटाउन स्थानीयबासीलाई म्याद दिइएको छ । 'केही स्थानमा घर बनाएर बसोबाससमेत गरिएको पाइएको हुँदा हटाउन म्याद दिइएको हो,' गणपति अर्यालले भने, 'दशगजामा सीमा स्तम्भको वारी ३० फिट र पारीतर्फ ३० फिट खाली गर्नुपर्ने दुवै देशबीचको सहमति छ । हामी नेपालतर्फको खाली गराउँछौं । भारतीय पक्षले उतातिरको खाली गराउँछन् ।' *रासस*


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/०७ गते ललितपुर जि. ललितपुर वडा नं.०२, सानेपा स्टार अस्पताल स्थित पार्किङ गरिराखेको अवस्थामा 220 cc Bajaj NS सेतो रंगको मोटरसाइकल दिनको अन्दाजी १३:०० देखि १६:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : अजिमा अटो लिंक
धनीको नाम : श्रीमान स्थाङतान
बाइक नं.: बा.प्र.३-०२-०१४ प ३१८४
च्यासिस नं.: MD2A36FY3KCH84149
इन्जिन नं. : JLYCKH29732
ठेगानाः रामकोट, काठमाडौं
सम्पर्कः ९८६६४५४९०६, ९८४४३४२३५८, ९८४१०५७३३४

## ३० सौ वार्षिक साधारण सभाको सूचना

यहि २०८० साल पौष १४ गते शनिवार दिउँसो ११ बजे यस केन्द्रको ३० सौ वार्षिक साधारण सभा "ज्यापु महागुठी काठमाडौं, वडा नं. १८" को सभा कक्षमा बोलाईएकोले सम्पूर्ण आजिवन सदस्यज्यूहरुको उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**बैंक बन्धु मिलन केन्द्र**
**(ने.बै.लि. भू.पू. कर्मचारी संघ)**
**१८ टेंगल, काठमाडौं, प्राङ्गनमा**
**सम्पर्क फोन नं. ९८५१११९५८०, ९८४१४७५९२२, ९८४३७२७८११**

## कम्पनीको नाम परिवर्तन भएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१९**

साविक **पेमा कन्स्ट्रसन एण्ड ढुवानी सेवा प्रा.लि.**को मिति २०७९।०४।१३ को एकल शेयरधनीको विशेष बैठक निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायीत्व आदी परिवर्तित नाम **फागोलुङ्ग निर्माण सेवा प्रा.लि.**ले सकार्ने ब्यहोर्ने शर्तमा कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९।०४।१८ मा प्राप्त पत्रबाट निर्देशन भए अनुसार सम्वन्धित सवैको जानकारीको लागि सूचित गरिन्छ ।

**फागोलुङ्ग निर्माण सेवा प्रा.लि. (प्रा.लि.नं. २६४७८२)**
**ताप्लेजुङ्ग, मौवाखोला-३**

## सेन्चुरी इनर्जी लिमिटेड

का.म.न.पा.-९ काठमाडौं

**आ.व. २०७९।०८० को वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथमपटक प्रकाशित मितिः २०८०/०८/१९

मिति २०८०।०८।१५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस सेन्चुरी इनर्जी लिमिटेडको आ.व. २०७९।०८० को वार्षिक सधारण सभा निम्न मिति स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितीको जानकारीको लागी अनुरोध गरीएको छ ।

**सभा हुने मिति, स्थान र समय :**
**मितिः २०८०।०९।२१ गते शनिवार, दिनको ९ बजे**
**स्थानः कम्पनीको कार्यालय रातोपुल, काठमाडौं**

**छलफलका बिषयहरुः**

**(क) सामान्य प्रस्तावः**
१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९।०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।
२) लेखा परिक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात नाफा । नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत अन्य अनुसूचिहरु एपर छलफल गरी पारित गर्ने ।
३) संचालक समिति चयन गर्ने सम्बन्धमा ।
४) आ.व. २०८०।०८१ को लागी लेखा परिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव ।**
१) संचालक समितिबाट सिफारिश भए अनुसार आर्थिक वर्ष २०७९।८० मा कम्पनीले कमाएको मुनाफाबाट चुक्ता पुजीको (१० प्रतिशत) मौजुदा शेयरधनीहरुलाई गरिने बोनश शेयर वितरण स्वीकृत गर्ने सम्वन्धमा ।
२) चुक्ता पूजी बृद्धि गर्न बोनस शेयर बाडफाड पश्चात कम्पनीमा भएको जारी पुजी मध्येबाट चुक्ता पूजी बाह्र करोड हुनेगरी शेयर जारी गर्ने सम्बन्धमा ।

**(ग) विविध ।**
१) नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा शंसोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**कम्पनी सचिव**

## कम्पनी खारेज सम्बन्धी लिक्वीडेटरको सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८०/०८/१९**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७६।०७।२२ मा दर्ता भएको प्रा.लि.नं. २२७७९४ को काभ्रेपलाञ्चोक रियल ईस्टेट एण्ड विल्डर्स प्रा.लि. को मिति २०८०।०८।१७ मा बसेको बिशेष साधारण सभाले स्वैच्छिक रूपमा कम्पनी खारेजी (लिक्वीडेसन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही, कसैको कुनै बाँकी बक्यौता, ऋण दायित्व वा लेनदेन बाँकी भएमा वा खारेज नगर्नुपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा प्रतिनिधि मार्फत हक दाबी गर्न तल उल्लेखित लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ । अन्यथा कम्पनी ऐन २०६३ मा ब्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरि बाँकी जायजेथा शेयरधनीहरूलाई बाँडिनेछ । तोकिएको म्याद भित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**लिक्वीडेटरको कार्यालय**
**अधिबक्ता पूर्ण प्रसाद पराजुली**
**दामासाही व्यवसायी इजाजत नं. ३८३**
**का.म.न.पा. वडा नं. २९ अनामनगर, काठमाडौं**
**मोवाईल नं. ९८५१०२६३३२**

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/१९ गते)

शिव लाल गोङ्ग सिलिको नाति, बुद्धि बहादुर गोङ्ग सिलि/ शिव माया गोङ्ग सिलिको छोरा चमेली श्रेष्ठ गोसीलीको पति चितवन जिल्ला, भरतपुर मा.न.पा. वडा नं. ०३ (साविकः भरतपुर न.पा. वडा नं ०४, चितवन) साथै भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. ०८, जगाती, भक्तपुर बस्ने कृष्ण मान गोङ्ग सिलिको मिति २०८०/०६/२५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जगाती शाखामा रहेको बचत खाता नं.०६३००४५१८५७००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा राजेश श्रेष्ठले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय जगातीमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जगाती, भक्तपुर फोन नं :०१-६६१६००६/६६१६००७**

## नेपाल सरकार

**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
सर्लाही, मलगंवा
मोही फाँट

**३५ दिने सार्वजनिक सूचना**

**जिल्ला सर्लाही साबिक गा.वि.स. हजरिया वडा नं. ३ हाल बरहथवा न. पा. वडा नं. १ मा बस्ने धन बहादुर थिङ तामाङलाई हक दावी गर्न आउने बारेको सूचना ।**

उपरोक्त सम्बन्धमा जि. स. सिन्धुली गा.वि.स. हजारीया वडा नं. ३ हाल जिल्ला सर्लाही बरहथवा गा.पा./न.पा.वडा न १ मा बस्ने खिल विक्रम रायमाझीको नाउँमा दर्ता कायम रहेको जि.स.गा.वि.स हजरिया वडा नं. ३(ख) कि.नं. १३५९ को ज.वि. ०-८-० जग्गाको मोही महलमा रहेको धन बहादुर थिङ तामाङको नाममा उल्लेख रहेकोमा जग्गा धनीले भगुवा मोही लगत कट्टा गरी पाउँ भन्ने निवेदनमा मिति २०८०/०८/१८ को आदेश बमोजिम यो सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम **मोही लगत कट्टा** तर्फको कारवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CK NOBLE ENTERPRISE SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/04/१५ | पुर्व स्वीकृति मिति २०८०/0८/१८ | LT. No. 268324 | चलानी नं. ६०१८४२०६

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: RM | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 11 | 0 | 1500 | ४२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले    सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १४६५/०७४/०७५

**Ever Bright Overseas Pvt.Ltd.**
Manpower Bazar, Sinamangal–09 Kathmandu, Nepal,Pho No: 9861596041, 9813467879, 9841702553, 9851177708
Email:everbrightoverseas2018@gmail.com, Web:www.everbrightoverseas.com

## स्थानीय सरकार

**ईन्द्रावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८०/०८/१९**

यस गाउँपालिकाबाट मिति २०८०/०७/०३ मा तपशिल बमोजिमको निर्माण कार्यका लागि नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार E-Bid मार्फत यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सूचना र बोलपत्रमा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभुत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम (५) बमोजिम निजहरुको आर्थिक प्रस्ताव यही मिति २०८०/०८/२६ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएको हुँदा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|---|
| 1 | IRMSI/W/NCB/080/081-04 | Upgrading works of Nawalpur Laharemane Manedada Simpalkavre Sadak | 1. Bajra Mansh Construction Company P.ltd, Chautara Sagachokgadi -4, Sindhupalchok |
| | | | 2. HIMALAYAN-JYANGCHHUP JV, Kavre. |
| | | | 3. Aashreeya/Mahavir JV,Mahalaxmi-4, Lalitpur. |
| | | | 4. Alakapuri/D.C Builders JV,Koteshwor-32, Kathmandu. |
| | | | 5. ABIJ-DIAMOND SINDHU JV, Pepsicola Kathmandu. |
| | | | 6. Golmadevi /P.K.B JV,Melamchi-11, Sindhupalchok. |
| | | | 7. Buddha Satyawati Construction, Kathmandu. |
| | | | 8. Rauchuli/Sindhu Jugal JV,Karyabinayek-3, Lalitpur. |
| | | | 9. Trishakti/Mahabir/R.D.R JV,Mechhe-9, Kavre. |
| | | | 10. SHANTIDEVI-SALIN -PRABHAT jv, Chautara Sindhupalchok. |

**प्रमुख प्रशासकीय अधिकृत**
**ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## रुसी सेनामा नेपाली प्रकरणबाट सिक्नुपर्ने पाठ

रुसी सेनामा कार्यरत छ जना नेपाली मारिएको पुष्टि नेपाल सरकारले सोमबारमात्र गरेको छ । विभिन्न सञ्चारमाध्यममा पाँच दिनअघिबाटै नेपाली मारिएको खबर आए पनि सरकारले यसबारे बल्ल पुष्टि गरेको हो । रुस र युक्रेन युद्धको क्रममा ती नेपालीहरू कतिबेला मारिएका थिए यकीन तथ्यांक सरकारसँग छैन । गोरखाका सन्दीप थपलिया ११ महिनाअघि नै मारिएको बताइएको छ । विवेक खत्री हाल युक्रेनमा बन्दी अवस्थामा छन् ।

रुसमा सेनाको रूपमा भर्ना हुन नेपाल सरकारले कुनै अनुमति नदिएको परराष्ट्र मन्त्रालय बताउँछ । तर, कामदार भिसा भने सरकारबाट उपलब्ध हुँदै आएको छ । रुसमा पुगेपछि उनीहरूलाई त्यहाँको सरकारले नै सेनामा भर्ती गरिदिएपछि के गर्ने ? तर नेपाल सरकारले भने उनीहरूलाई अब सेनामा भर्ती नगराउन र गरेको भएमा फिर्ता पठाउन आग्रह गरेको छ । रुसी सेनामा १० हजार जति नेपालीहरू भएको अनुमान गरिन्छ ।

१८ वर्षदेखि ४० वर्ष रुसी र १८ वर्षदेखि ३० वर्षसम्मका विदेशीलाई सेनामा भर्ना हुने मौका रुसले प्रदान गर्दछ । रुसमा वाग्नरजस्ता भाडाका सेनाहरू पनि छन् । नेपालीहरू त्यहाँ पुग्नुको कारण उमेरमात्र होइन, आकर्षक तलब पनि हो । रुसी सेनामा भर्ती भएकाहरूले महिनामा दुई लाखदेखि चार लाख रूपैयाँसम्म कमाउँछन् ।

कमाइको लोभमा मृत्युको भुंग्रोमा किन पुग्न बाध्य छन् नेपाली ? उत्तर सजिलो छ, नेपालमा बढ्दो बेरोजगारी र आर्थिक संकट । यही संकटमोचनका लागि लाखौं लगानी गरेर नेपालीहरू जोखिम मोल्दै कमाइ हुने देशको खोजीमा पुग्छन् । देशमा कुनै आशाको संकेत छैन । नेताहरू आफ्नै कुर्सी जोगाउनमै भ्याइनभ्याइ छ । कुर्सीका लागि सांसदको सिट नपुगेकाहरू छिट्टै चुनाव गर्नुपर्ने पक्षमा छन् । कोही थरीथरीका तन्त्रमा रमाइरहेका छन् । संसद् बिजनेसविहीन छ । सरकारलाई कुनै खबरदारी जननिर्वाचित संस्थाले गर्न सकेको छैन । प्रतिनिधिसभाका सभामुख अधिवेशन डाक्न सक्दैनन् । संसदीय समितिले कुनै विधेयक पारित गर्ने छाँट देखाउँदैन । युवालाई नेपालमै अडिने खालको कार्यक्रम र योजना कुनै दलसँग छैन । जसले गर्दा नेपालीहरू मिसाइलको भुंग्रोमा हिरा खोज्न हिंडेका हुन् । उनीहरूलाई फर्क भनेर आदेश दिने हैन सरकार, आफैं फर्केर आउन मन लाग्ने गरी देशमा रोजगारी सिर्जना गर ।

# कोप २८ : विश्व समुदायमाझ पुग्यो हिमाल र हिमनदीका मुद्दा



▸▸ रमेश लम्साल

प्रधानमन्त्री दाहालले कोप-२८ मा नेपालका सन्दर्भ जोड्दै भनेजस्तै मानव समुदायका लागि महत्त्वपूर्ण मानिएको हिमाल जोगाउनका लागि विश्वव्यापी रूपमा बढ्दो तापक्रम नियन्त्रण गर्नैपर्छ । कोप-२८ को घोषणपत्र सार्वजनिक हुँदा यी र यस्ता विषय सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ । नेपालजस्ता देशले जलवायु वित्त र हानि नोक्सानी कोषमार्फत सर्तरहित अनुदान पाउनुपर्ने माग रूपमा उठेको छ ।

'हाम्रा हिमनदीका एक तिहाइ हिस्सा गुमाइसकेका छौं । वैज्ञानिकहरूले यस शताब्दीको अन्त्यसम्म थप एक तिहाइ हिस्सा गुमाउने चेतावनी दिएका छन् । योभन्दा डरलाग्दो विषय अरु हुनै सक्दैन । हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्छ,' संयुक्त राष्ट्रसंघका महासचिव एन्टियो गुटेरेसलाई साथैमा राखेर प्रधानमन्त्री पुष्पकमल दाहालले भने ।

हिमाल र हिमाली क्षेत्रमा बदलिँदै गएको तस्बिरको यथार्थ विवरण प्रधानमन्त्रीले सुनाउँदै गर्दा विश्वका नेताहरूको ध्यान आकृष्ट भएको सहजै अनुभव गर्न सकिन्थ्यो । संयुक्त अरब इमिरेट (युएई)मा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप-२८) मा प्रधानमन्त्री दाहालसँगै महासचिव गुटेरेसले पनि नेपालको हिमनदी पग्लिदै गएको विषयमा विश्व समुदायको ध्यानाकर्षण गराएका थिए । यसपटकको सम्मेलनमा विश्व समुदायमाझ नेपालले आफ्नो विषय प्रस्टरूपमा राखेको छ । त्यसमा पनि हिमाल र हिमाली क्षेत्रको मुद्दा यसपटक मुखर रूपमा उठेको छ । यो आफैंमा महत्त्वपूर्ण छ ।

संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेस आफैंले गत कात्तिकमा नेपालको चारदिने भ्रमण गरेर यथार्थ विवरण लिएका थिए । अन्नपूर्ण र सोलुखुम्बुको भ्रमण गरेर हिमाली क्षेत्रमा जलवायु परिवर्तनले पारेको असर आफैंले अनुभव गरेर फर्किएका उनले सचित्र तथ्य पेसमात्रै गरेनन्, विश्व समुदायलाई प्रकृति संरक्षणमा थप सचेत हुन आग्रह गरे । प्रधानमन्त्री दाहालले कोप-२८ को उद्घाटन सत्र, सम्बोधन सत्र तथा नेपालले आयोजना गरेको 'राउण्ड टेबल' छलफल सत्रमा विश्वव्यापीरूपमा बढ्दो तापक्रमले हिमाललाई यातना दिइएको बताउँदै त्यसलाई पहिले बचाउन आग्रह गरेका थिए ।

नेचर साइनमा सन् २०२३ को फेब्रुअरीमा प्रकाशित एक प्रतिवेदनअनुसार नेपाल, पाकिस्तान, कजाकस्तानसहित एसियाका उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने जोखिम बढेर गएको छ । जलवायु परिवर्तनको असर प्रत्यक्षरूपमा हिमाली क्षेत्रमा देखापरेको छ । विश्वव्यापीरूपमा तापक्रम बढ्दै जाँदा हिमाल पग्लने क्रम उल्लेखनीयरूपमा वृद्धि हुँदा हिमताल फुट्ने जोखिम बढेको सो प्रतिवेदनमा उल्लेख छ । हिमताल फुट्दा विश्वका एक करोड ५० लाख मानिस प्रत्यक्ष जोखिममा पर्ने छन् ।

विश्वका डेढ करोड मानिस हिमतालको ३० माइल आसपास बसोबास गर्ने भएकाले हिमताल फुट्दा उनीहरू नै सबैभन्दा पहिले मारमा पर्ने छन् । सोही प्रतिवेदनमा यस शताब्दीको अन्त्यसम्म विश्वका कूल हिमनदीमध्ये आधाभन्दा बढी हराएर जाने उल्लेख छ । बाह्रै महिना हिउँ देखिने हिमाल क्रमशः काला पहाडमा परिणत हुनु आफैंमा डरलाग्दो संकेत हो । जलवायु संकटको असरका कारण समयमा हिउँ नपर्नु, परेको हिउँसमेत लामो समय नबस्नु, हिमाली क्षेत्रमा लामखुट्टेलगायतका किराहरूको प्रकोप बढ्नुलाई अर्थ्याइएको छ ।

पानीको मूल नफुट्नु, अनावृष्टि, अतिवृष्टि, चरम खडेरीलाई पनि त्यसको अर्को विकराल संकेतका रूपमा लिइएको छ । सामान्यतया हिमाली क्षेत्रमा बाढी पहिरो आउँदैन भनिए पनि गत मनसुनमा मुस्ताङमा बाढी, पहिरे जाँदा त्यहाँको जनवीजन प्रभावित हुन पुग्यो । यस्तै, २०७८ असार १ गते मेलम्ची नदीमा भीषण बाढी आउँदा भत्किएको संरचना अझै पुनःनिर्माण भइसकेको छैन । काठमाडौं उपत्यकाको पानीको स्रोत मानिएको सो नदीको पानी अझै नियमितरूपमा ल्याउन सकिएको छैन ।

बाढी पहिरोका कारण हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकामा मात्रै झण्डै ८० अर्ब रूपैयाँबराबरको क्षति पुगेको विवरण छ । बाढी गएलगत्तै अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको अध्ययनअनुसार मेलम्चीमा भीषण बाढी आउनुको पछाडि त्यसको जलाधार क्षेत्रमा हिमताल विष्फोट हुनु हो । जीवाश्म इन्धनको बढ्दो प्रयोग, अत्यधिकमात्रामा कोइलाको उत्खनन र प्रयोग, डढेलोका कारण विश्वव्यापीरूपमा तापक्रममा वृद्धि भएको छ । त्यसले ओजन तहमा ठूला प्वाल पारेको छ ।

ठूला र शक्तिशाली देशले अन्धाधुन्धरूपमा कार्बनडाइअक्साइड उत्सर्जन गरिरहेका छन् । त्यसको नकारात्मक असरको सिकार विशेषगरी हिमाली देशहरू भइरहेका छन् । सामान्यतयः हिमाल पग्लनुलाई जलवायु संकटको सबैभन्दा स्पष्ट र देखिने संकेतका रूपमा जानकारहरूले औंल्याएका छन् । अध्येताले २०७७ माघमा भारतको उत्तराखण्डको चमोलीमा हिमबाढी आउनुको पछाडि पनि हिमताल विष्फोटलाई प्रमुख कारणको रूपमा लिएका छन् । बाढीका कारण निर्माणमा रहेका आधा दर्जन जलविद्युत् आयोजना प्रभावित भएका थिए ।

स्याटेलाइटबाट प्राप्त तस्बिर तथा कम्प्युटर मोडलिङबाट जलवायु परिवर्तनका कारण हिउँ पर्ने मात्रा र अवस्थामा परिवर्तन देखापरेको छ । हिमाली क्षेत्रमा रहेको कमजोर चट्टान तथा कम माटोका कारण पानीको मात्रा बढ्दै जाँदा साना तलाउ क्रमशः ठूला तालमा रूपान्तरित हुन जान्छ । त्यस्ता तालहरू क्रमशः फुट्दै जान्छन् र पानी तल्लोतटीय क्षेत्रमा बाढी आउँछ । उत्तरी तथा दक्षिणी ध्रुव एवं अन्टार्टिकामा रहेको बरफैबरफको साम्राज्य पग्लदै जाँदा समुन्द्रमा पानीको सतह बढ्न जान्छ । त्यसले टापु देशमा बढी समस्या निम्त्याउने छ । फिलिपिन्स र माल्दिभ्सजस्ता देश समुन्द्रमुनि पर्ने अवस्था आउने छ । यस्तै, वर्मादेखि इरानसम्म फैलिएको हिन्दूकुश क्षेत्रमा सयौं हिमताल विष्फोट हुँदा त्यसले पहाडी देश बढी मर्कामा पर्ने छन् । हिमताल विष्फोट हुँदा तल्लो तटीय क्षेत्रमा अर्बौं डलर बराबरको क्षति हुने छ ।

यही तथ्यका आधारमा विश्वका १८० मुलुकका ५० हजार प्रतिनिधिमाझ संयुक्त राष्ट्रसंघका महासचिवले अन्टार्टिका र नेपालमा हिउँ पग्लेको विषय सुरुमै उठाएर विश्व समुदायको ध्यानाकर्षण गराए । कोप-२८ को उद्घाटन शत्रमा महासचिव गुटेरेसले भने, 'केही दिनअघि अन्टार्टिकाको बरफमा थिएँ । केही समयअघि नेपालको पग्लिरहेका हिमनदी माझ थिए । यी दुई ठाउँ धेरै टाढा छन्, तर संकटमा एकताबद्ध छन् । ध्रुवीय बरफ र हिमनदी हाम्रो आँखा अगाडि हराउँदै छन्, जसले भूःस्खलन र बाढीबाट बढ्दो समुद्रमा विनास निम्त्याइरहेको छ ।'

महासचिव गुटेरेसले गत कात्तिक ११ देखि १५ सम्म नेपाल भ्रमण गरेका थिए । भ्रमणका क्रममा उनले सोलुखुम्बु र अन्नपूर्ण आधार शिविरको भ्रमण गरेका थिए । भ्रमणका क्रममा स्थानीय बासिन्दासँग अन्तरक्रिया गरेर गुटेरेसले जलवायु परिवर्तनको यथार्थ विवरण पत्ता लगाएका थिए । उनले विश्व समुदायको ध्यानाकर्षण गराएपछि प्रधानमन्त्री दाहालले पनि हिमाल जोगाइदिन सोही तरिकाले नै आग्रह गरे । प्रधानमन्त्री दाहालले पनि हिमालय मानव सभ्यता, पारिस्थितिक प्रणाली र जैविक विविधताको जग भएकाले त्यसलाई जोगाउनैपर्ने बताएका थिए । हिमालले विश्वसमुदायको सेवा गरेको र तल्लोतटीय क्षेत्रका मानिसका लागि जीविकाको प्रमुख स्रोतका रूपमा रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नेपालमाथि भएको अन्याय अब रोकिनुपर्ने बताए ।

सन् १९४१ यता हिमपहिरो र हिमताल फुट्नेजस्ता ३० भन्दा बढी प्राकृतिक प्रकोपका घटनामा १५ हजारभन्दा बढीको ज्यान गइसकेको यस क्षेत्रमा अध्ययन गर्दै आएका अध्येताहरूको भनाइ छ । नेपाल, भारत, पाकिस्तानमा हिमपहिरो, हिमताल फुट्नेलगायतका विपद्ले धेरै मानिस प्रभावित भएका छन् । जानकारहरूका अनुसार सन् २०२२ मा मात्रै पाकिस्तानमा १६ वटा हिमताल विष्फोट भएका थिए ।

नेपाल र चीनबीच एक हजार ९८९ किलोमिटर लामो सीमाना छ । प्रमुख नदीका रूपमा रहेका कोशी, नारायणी र कर्णालीको जलाधार क्षेत्र पनि चीनको तिब्बत नै हो । ती नदी जलाधारमा तीन हजार ६२४ हिमताल पहिचान भएका छन् । ती हिमतालमध्ये नेपालतर्फ ७० र एक हजार ५०९ वटा चीनको तिब्बतमा पर्छ । इसिमोडको अध्ययनअनुसार ४७ वटा हिमताल विष्फोटको खतरामा रहेका छन् । नेपालले च्छोरोल्पा र इम्जा हिमतालको पानी केही घटाएर संकट कम गरेको छ ।

२०७३ असार २१ मा भोटेकोशी नदीमा आएको बाढीको पछाडि पनि तिब्बतमा रहेको गोङवातोङसो ताल विष्फोटलाई लिइएको थियो । सो बाढीका कारण झण्डै रु दुई अर्ब बराबरको क्षति भएको थियो । भोटेकोशी किनाराका कयौं पक्की घर, तीनवटा पुल र ४५ मेगावाट क्षमताको भोटेकोशी जलविद्युत् आयोजनामा क्षति पुगेको थियो । जोखिमपूर्ण अवस्थामा रहेका हिमतालको पानी घटाउँदै जाने, पूर्वसूचनाका लागि प्रविधिको जडान, विपद्को पूर्वतयारी गर्नु अत्यावश्यक रहेको छ । उत्तरी छिमेकी देश चीनसँग उच्चस्तरीय सूचना आदानप्रदान संयन्त्रको विकास गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ ।

विश्व समुदायको ध्यान आकृष्ट गर्ने हिमाल र त्यससँगै रहेको हिमतालको जोखिम कम गर्नु अत्यावश्यक भइसकेको छ । विश्वव्यापी रूपमा तापक्रम बढ्दा हिमनदी माथितिर सर्दै जान्छ । हिमताल विष्फोट हुँदा हिमाली क्षेत्रमा मानिस मात्रै नभई तल्लोतटीय क्षेत्रमा हजारौं मानिस प्रभावित हुने छन् । नदी किनारमा निर्माण भइरहेका सयौं जलविद्युत् आयोजना त्यसबाट प्रत्यक्षरूपमा समस्यामा पर्ने छन् । त्यसको पछिल्लो उदाहरण नै भोटेकोशी जलविद्युत् आयोजना हो ।

प्रधानमन्त्री दाहालले कोप-२८ मा नेपालका सन्दर्भ जोड्दै भनेजस्तै मानव समुदायका लागि महत्त्वपूर्ण मानिएको हिमाल जोगाउनका लागि विश्वव्यापी रूपमा बढ्दो तापक्रम नियन्त्रण गर्नैपर्छ । कोप-२८ को घोषणपत्र सार्वजनिक हुँदा यी र यस्ता विषय सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ । नेपालजस्ता देशले जलवायु वित्त र हानि नोक्सानी कोषमार्फत सर्तरहित अनुदान पाउनुपर्ने माग रूपमा उठेको छ । सन् २०२२ मा अमेरिकी अध्ययन संस्था नासाको नेतृत्वमा गरिएको एक अध्ययनअनुसार, यदि तापमान पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री माथि पुग्यो भने मानव उत्पन्न संकटका कारण थप जोखिम देखिने छ । सन् २०२३ लाई अत्यधिक गर्मीको वर्षका रूपमा चित्रण हुँदै गर्दा आगामी दिन झनै संकटपूर्ण देखिएको छ ।

यस वर्ष विश्वको तापक्रम पूर्वऔद्योगिक औसतको तुलनामा करिब १.१ डिग्रीले बढेको छ । अझै, विश्व तापक्रमलाई १.५ डिग्रीमा सीमित गर्ने मार्गबाट अझै टाढा रहेको देखाउँछ । विश्वव्यापी औसत तापमान सन् दुई हजार १०० सम्म दुईदेखि चार डिग्रीले बढ्ने प्रक्षेपण गरिएको छ । यदि त्यसो भएको खण्डमा चरम मौसमजन्य घटना निम्तने चेतावनी दिइएको छ । विषम घटनाहरूबाट जोगिन दुबईमा जारी कोप-२८ मा हानि नोक्सानी कोष औपचारिकरूपमा सुरु गरिएको छ । विश्वव्यापी तापक्रम वृद्धिसँग सम्बन्धित प्राकृतिक विपत्तिबाट तहसनहस भएका कमजोर र जोखिममा रहेका राष्ट्रले हानि र नोक्सानी कोषको माग गरेपछि उक्त कोषको सुरुआत गरिएको हो । कोषले नेपालजस्ता देशको हितका खातिर काम गर्नुपर्ने माग यसपटक जबर्जस्तरूपमा उठेको छ । हरितगृह ग्यासको उत्सर्जनलाई क्रमशः कटौती गर्ने, जिवाश्म इन्धनको प्रयोग घटाउने र वातावरण संरक्षणमा ध्यान दिने तथा धनी र औद्योगिक देशले आफ्ना प्रतिबद्धतालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न सकेको खण्डमा ओजन तहको संरक्षण पनि गर्न सकिन्छ । त्यसबाट हिमाल जोगिने र प्राणी जगतको एकमात्र घरका रूपमा रहेको पृथ्वी नै जोगिने छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौँ पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ । मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन् । यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्-'तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिदैछु अब यसको संरक्षक तपाई हुनुहोस् ।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !' यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ?

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए । अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौं । मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हेर्दै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं ।' 'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ । जसले पनि आफ्नै ढुकुटी गरिरहेछन, कसैलाई छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ ।




# डिंग हाँक्ने गोठाला

थुइक्क असत्तिऽ यस्तो नचाहिने कुरा पनि गर्ने हो ? पाप धर्म पनि थाहा छैनै है तँलाई ? झूठको पनि पराकाष्ठा नै पो भो त ? लठबहादुर कड्किन्छ ?

मैले के गरेको छु ?

के गरिनस् ? आँखै अघि झूठो बोलेर अरुलाई बदनाम गराउन खोज्ने पनि तरिका हुन्छ नि !

हचाऽ नकराऊ के तिमी । अब उनले जस्तो उत्तर खोजे मैले त्यस्तै दिएँ के गर्नु त ? गोफ्ले आफ्नो जवाफ फर्कायो ।

उनले खोजेजस्तो उत्तर भन्दैमा अरुलाई खसालेर बोल्न त भएन नि ! आफूमात्र राम्रो बन्नका लागि तिमी जे सुकै गर गोफ्ले । तर तिमीले जे गरिरहेका छौं त्यो ठीक छैन चाहे रिसाऊ, चाहे खुसाउँ । डिंग हाँक्ने गोठालोजस्तो बन्ने काम नगर । बोल्न मन लाग्छ बोल बोल्न मन लाग्दैन आफ्नो बाटो लाग । लठबहादुर अझै रिसाउँछ ।

लठबहादुर जति रिसाए पनि गोफ्लेले नानीदेखि लागेको बानी कहाँ छोड्थ्यो र ? उनकै नजिक रहेको उनका शासकलाई श्रीमान् मैले यसो गरेँ र त्यसो गरेँ भन्दै डिंग हाँक्न थालिगो । सँगैका लठबहादुर र लिडे हेराहेरबाहेक केही पनि गर्न सकेनन् ।

भैगो, जाउँ । लठबहादुर त्यहाँ बस्न मनै गरेन । तर, लिडे त्यो ठाउँ छोड्न मानिरहेको थिएन । किनकि उसलाई गोफ्लेको पारा अझै नियाल्नु थियो । उसको डिंग हाँक्ने तरिका निकै उत्कृष्ट थियो । जस्तो झूठो कुरालाई पनि ठ्याक्कै हो जस्तै गरेर बनाउन सक्ने क्षमता उसमा थियो । अरुले गरेको कामलाई मैले नै गरेको हुँ भनेर प्रमाणित गर्न निकै सिपालु थियो ।

गोफ्लेको यस्तो व्यवहारबाट लठबहादुर र लिडे वाक्क दिक्क भइसकेका थिए । यी दुईले जति नै मरिहत्ते गरेर काम गरे पनि त्यो सबैको जस गोफ्लेले लिइसकेको हुन्थ्यो । विचरा लठबहादुर र लिडे भने हेरेको हेऱ्यै हुन्थे । हात्ति आयो हात्ति आयो फुस्सा भनेजस्तै ।

नेपालीमा उखान छ, 'काम गर्ने कालु, मकै खाने भालु' । आजकाल त्यस्तै चलेको छ । देश डिंग हाँक्ने गोठालाहरूको पेरिफेरिमै घुमिरहेको छ । 'बोल्नेको पिठो बिक्छ, नबाल्नेको चामल पनि बिक्दैन' त्यसै कहाँ भनेको हो र ! लठबहादुर लिडेलाई भन्छ ।

त्यो बूढापाकाले भोगेरै बनाका हुन् त लठे । तँ सत्यको जित हुन्छ भन्दै मलाई पछि लगाए हिँडिस् । न तेरो राम्रो भयो न मेरो राम्रो भयो । चोर स्यालजस्तो त्यही गोफ्ले नै सर्वेसर्वा भयो । कहिलेकाहीँ त तेरो पछि लाग्न नै छाडिदिउँ जस्तो लाग्छ । तर के गर्नु गाँस छोड्नु साथ नछोड्नु भन्ने सम्झिन्छु । जति नै दोष खेप्नु परे पनि लठेलाई छाड्न सक्दिनँ ।

लठबहादुर भन्छन्, 'अहिले पनि भन्छु सत्यको जित हुन्छ । ढिला होला जित सत्यकै हो । झूठ कति नै ठिक्ला र ? भ्रम कति नै पो फिजाउन सकिएला र ? दुई-चार दिनमात्र हो भ्रममा राख्ने । पछि थाहा पाएपछि त गोरु देखाएजस्तो खेदाइ हाल्छन् नि ।'

लठबहादुरको कुरा सुनेर लिडे मुसुक्क मुस्कुराउँछ । त्यो त हो नि दुई-चार दिनको के चुरीफुरि गर्नु ? अहिले समाज नै त्यस्तै छ । त्यही भएर समाज चिनेकाले होला गोफ्लेले डिंग हाँकेको सबैलाई चित्त बुझेकै छैन ।

चित्त नबुझेर पनि के गर्नु गोफ्ले जति टाठो र छट्टु स्याल को छ र ? लिडे लठबहादुरको कुरा सुनिरहेको छ । हेर, यो छट्टु स्याले हो भित्रभित्रै क-कसलाई सिध्याउने हो थाहा छैन । अहिले दंग परिरहेका छन् भोलि सिद्धिने भएपछि बल्ल चाल पाउँछन् ।

कुरा त ठीकै हो लठे तर के गर्नु, पछि पछुताउने भन्ने कुरा कसले सम्झेको छ र ? अहिलेलाई हेरेका छन् । हावामा दौडिएका छन् । आए आँप गए झटारो कसको के नै पो जान्छ र ? डिंग हाँकेर लंका पिटिसक्यो ।

लिडेको कुरा सुनेर लठबहादुर सम्झाउन खोज्छन् ।

त्यसो होइन ! गोफ्लेले जे गरिरहेको छ नि त्यो तेरो र मेरो मात्र होइन भविष्यमासमेत कसैको भलाइ हुने छैन । हजुरबाउले जोगाइदिएको सम्पत्तिमा मोज जसले पनि गर्छ नि । आफूले कमाएर देखाउन सक्नुपऱ्यो । पसिना बगाएर बुझेनस् के ?

लिडे ट्वाल्ल पर्छ कुरो बुझ्यो कि बुझेन कुन्नि ? मुण्टोमात्र हल्लाउँछ । बुझेर मुण्टो हल्लाको छस् कि बुझ्दै नबुझी हो ? लठबहादुर प्रश्न गर्छ । खै आधा बुझे आधा बुझिनँ ।

तैँले नबुझेको जस्तो नेपाली जनताले कसैले पनि बुझेका छैनन् । के हो के हो ? के गर्न खोजेको हो नै थाहा छैन ।

ल सुन, अहिले देशका टोलैपिच्छे राजा बन्या छन् । सातवटा प्रदेशमा सात राजा । ७५३ पालिका त्यत्ति नै राजा । अरु दायाँबायाको कुरै नगरौं, यी सब झूठका पोका हुन् । तँ हामीजस्तालाई भ्रममा राखेर आफ्नो स्वार्थ पूरा गरिरहेका छन् । दुई-चार जना बज्रस्वाँठ साइँदुवाहरू गोठालो लगायो बस्यो ।

भतुवालाई बिगौती भनेजस्तै । हौवामा पछि लागेका छन् ।

कुर्सीमा बसेपछि सबै बेहोसी भाको देखिनस् ? कुरै सुन्नेवाला छैन । जसले गफ दिन सक्यो उही जान्ने ! एमाले, कांग्रेस, माओवादी, राष्ट्रवादी, स्वतन्त्रवादी, कमिसनवादी कुन्नि के-के वादी ! गरिबका नाम लिएर आउनेहरू गरिबमारा, भ्रष्टाचार विरोध गर्नेहरू गोठाला प्रयोग गरी कमिसनमारा हुन थालेपछि कसको आशा गर्ने हो र ?

लठबहादुरलाई जंग चलेको छरे आज त्यही भएर गोफ्लेमाथि निकै नै आक्रोशित भाको रे ? कुर्सीमा बस्नेहरूको गोठाला लठबहादुरले देख्नै नसक्ने भा छ । तर गोठालाहरू जनता झुक्याउने, भ्रम फिँजाउने डिंग हाँकेका हाँक्यै छन् । गाईभैंसी चराउन हिँडेका गोठालाहरूलाई अर्काको बाली बिग्रियोस् कि नासियोस् के मतलब छ र ? गोठालाहरू त गाइदिने हो । मौकामा चौका हान्न आका हुन् । पाउञ्जेल खान्छन्, खान पाउन छाडेपछि धारे हात तेर्स्याउँदै आफ्नै बाटो लाग्छन् । आज गोफ्ले पनि गज्जबको डिंग हाँकेर आफ्ना हितैषी लठबहादुर र लिडेलाई छाडेर अन्तै पल्केको छ, अन्तै सल्केको छ । अरुको जेसुकै होस् । गोफ्लेको भलो होस् ।

# चेपाङ बस्तीमा 'एक घर एक धारा'

**भरतपुर (चितवन)–** चितवनको इच्छाकामना गाउँपालिकाका दुई खानेपानी आयोजनाको शिलान्यास गरिएको छ । आइतबार वडा नं २ को छापडाँडा र दुम्किन हेप्चेक खानेपानी आयोजनाको गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले शिलान्यास गरे । यहाँ अधिकांश चेपाङ समुदायको बसोबास छ ।

अध्यक्ष गुरुङले अब चेपाङ बस्तीमा 'एक घर एक धारा' निर्माण हुने बताए । उनले गाउँपालिकाले सबै वडामा यो अभियान सञ्चालन गरिरहेको भन्दै चेपाङ बस्तीलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिए ।

एक सय ९० घरधुरीका लागि दुईवटा खानेपानी आयोजनाको काम एकैसाथ सुरु गरिएको जनाउँदै गुरुङले पानी डोकोमा बोक्ने दिनको अन्त्य भएको बताए । उनका अनुसार गाउँपालिका, स्थानीय उपभोक्ता र वाइन टु वाटर नेपाल नामक संस्थाको साझेदारीमा खानेपानी योजना सम्पन्न हुने छ ।

एक करोड ७९ लाख ७३ हजार रूपैयाँ कूल लागतको आयोजना माघ मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको अध्यक्ष गुरुङले जानकारी दिए । साझेदारी संस्थाको ६५, गाउँपालिकाको २५ र स्थानीयवासीको १० प्रतिशत श्रमदानबाट आयोजनाको काम सम्पन्न हुने उनको भनाइ थियो ।

अध्यक्ष गुरुङले मिलेर काम गर्दा समयमै योजना सम्पन्न हुने भएकाले त्रिपक्षीय साझेदारीमा काम गरिएको बताए । 'यसअघि पनि यसरी साझेदारीमा काम गरेका छौं,' उनले भने, 'खानेपानीको धारा निर्माणपछि स्थानीयवासीलाई उत्पादनमा जोड्न सिँचाइको पनि व्यवस्था गर्नेछौं ।' उनले यहाँ उत्पादित अन्न तथा तरकारी बिक्री गरी आयआर्जन गर्ने वातावरण बनाउने प्रतिबद्धता जनाए ।

चेपाङ बस्तीमा सडक, शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरेको भन्दै अध्यक्ष गुरुङले गाउँपालिकाले परिवार सुधार कार्यक्रमअन्तर्गत बस्तीलाई सुविधासम्पन्न बनाउने काम गरिरहेको बताए । पूर्वाधार निर्माणमा श्रमदानको अभावमा काम अलपत्र पर्‍यो भन्ने अवस्था आउन नदिन सबैको ऐक्यबद्धता आवश्यक पर्नेमा उनले जोड दिए ।

वाइन टु वाटरकी राष्ट्रिय निर्देशक रोशनी कार्कीले आयोजनाको पहिलो चरणमा अनुगमन गरिएको बताउँदै त्रिपक्षीय साझेदारीमा गरिएको काम समयमै सम्पन्न हुने भएकाले निर्माणपछि स्थानीयवासीले घरमै शुद्ध खानेपानी पाउने जानकारी दिइन् ।

वडाध्यक्ष पञ्चबहादुर प्रजाले गाउँमा श्रमदान गर्ने संस्कृति क्रमशः हराउँदै गएको भन्दै यो आयोजना निर्माणपछि श्रमदान गर्ने बानीकोसमेत विकास हुने बताए । उनले यो आयोजना सम्पन्न भएपछि अन्य काममा पनि स्थानीयवासीलाई श्रमदान गर्न प्रेरित गरिने बताए ।

घरमै खानेपानीको धारा आउने भएपछि स्थानीयवासी खुसी भएका छन् । खानेपानी आयोजना समयमै सम्पन्न गर्नका लागि आफूहरू निरन्तर श्रमदान गर्न तयार रहेको स्थानीय आइतबहादुर चेपाङले बताए । उनले श्रमदान गर्न नसक्ने घरपरिवारको पनि समुदाय मिलेर श्रमदान गरिदिने बताए । *रासस*

# सौराहामा गोही संरक्षण मेला हुने

**चितवन–** जिल्लाको पर्यटकीय क्षेत्र सौराहामा गोही संरक्षण मेला २०८० हुने भएको छ । यही मंसिर २२ र २३ गते घडीयाल गोही संरक्षण गर्ने उद्देश्यका साथ मेला आयोजना गर्न लागिएको हो । अति संकटापन्न अवस्थामा रहेको घडीयाल गोहीको संरक्षणमा स्थानीय समुदायको सहभागिता, वैज्ञानिक सूचनाबारे जानकारीका साथै समग्र गोही प्रजातिको दिगो सरक्षण रणनिति तयार गर्न मेला आयोजना गर्न लागिएको हो ।

नयाँ पिँढीमा सरक्षण संस्कृतिको विकास गर्न यो मेला आयोजना गर्न लगिएको मेलाकी संयोजक रञ्जना भट्टले जानकारी दिए । केयर अफ नेचरको आयोजनामा हुने उक्त मेलामा गोही प्रजातिसँग सम्बन्धी सूचनामूलक श्रव्य-दृश्य सामग्री, पोस्टर, चित्रकला तथा सूचना केन्द्रको अवलोकनका साथै स्थानीय कला, संस्कृति र खानाका परिकारलगायत स्टल राखिने छ । मेला अवधिभर संरक्षणसम्बन्धी नाटक, गीत नृत्यलगायत कार्यक्रम गरिनाका साथै विभिन्न आठ विद्यालयमा संरक्षण शिक्षा सञ्चालन गरिने भएको उनले बताए ।

यस मेलाले पर्यटकलाई आकर्षण गर्नाका साथै गोही प्रजातिको संरक्षणमा मद्दत पुग्ने बाघमारा मध्यवर्ती सामुदायिक वनका अध्यक्ष जीतु तामाङले बताए । नेपालमा घडियाल र मगर गरी दुई प्रजातिका गोही पाइने गरेको छ । यिनीहरूको संख्या घट्दो क्रममा रहेको छ । नेपालमा घडियाल गोही २३९ वटा रहेका छन् भने मगर गोहीको गणना हालसम्म भएको छैन । *रासस*

# माथिल्लो मुगुम र रारा क्षेत्रमा हिमपात

**मुगु (प्रस)–** हिमाली जिल्ला मुगुका विभिन्न उच्च स्थानमा यस वर्षको सुरुआती हिमपात हुन थालेको छ । आइतबार रातिबाट बदली हुँदै गए पनि सोमबार बिहानैदेखि उच्च भूभागमा हिउँ र बेँसीमा पानी पर्न सुरु गरेको हो । मुगुम कार्मारोङ गाउँपालिकामा पर्ने यार्सा पाटन, कोइकी हिमाल मुगु र डोल्फु क्षेत्रमा हिमपात सुरु भएको डोल्फु गाउँका नेग्मा सेराव लामाले जानकारी दिए । उनका अनुसार प्रमुख पर्यटकीय क्षेत्र रारा र मुर्मा‍टपमा पनि बिहानैदेखि हिउँ पर्न सुरु भएको र चिसो असाध्यै बढेको छ ।

रारा घुम्न आएका पर्यटन हिमपात तथा पानीले हवाई र स्थलमार्ग बन्द हुनसक्ने भन्दै बिहानै यहाँबाट घरतर्फ जान तरखर गरेका रारा राष्ट्रिय निकुञ्जका रेञ्जर हिमाली खत्रीले जानकारी दिए । जिल्लाका अन्य क्षेत्र बुलबुले, सात ताल, दूधताल, चन्खेली, बाम, रिणिमोक्ष, खेस्मालिका, सोरुकोटमा पनि हिउँ पर्न सुरु गरेको खबर प्राप्त भएका उनले बताए ।

सदरमुकाम गमगढीमा पानी पर्न सुरु गरेको छ । अत्यधिक पानी र हिउँका कारण सडक अवरुद्ध भई दैनिक उपभोग्य वस्तुका साथै अन्य निर्माण सामग्री अभाव हुन्छ कि भन्ने चिन्ता बढेको मुगु उद्योग वाणिज्य संघका अध्यक्ष कमल बुढा बताए । पानी र हिमपात हुन थालेपछि हिउदे बाली गहुँ, जौ र नाफल खेती राम्रो हुने, हिमाली यार्सा, जडीबुटी वृद्धि हुनुका साथै गुणस्तरको हुने भन्दै किसान, जडीबुटी व्यापारी खुसी भएका छन् ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Wira Security Services SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/२९ | पून स्वीकृति मिति २०८०/०८/१८ | LT. No. 292614 | चलानी नं. ६०२०७८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 110 | 0 | 1500 | ४२५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान:

SMART DARBAR CHANDOL 4 KATHMANDU मिति: २०८० मंसिर २६ र २७ गते (12 & 13th Dec. 2023) मा हुनेछ ।

SUNSARI MULTIPAL TRAINING CENTER ITAHARI - 4 SUNSARI मिति: २०८० मंसिर २८ र २९ गते (14 & 15th Dec. 2023) मा हुनेछ

ITAHARI CONTACT NUMBER : 025-590456 ,9802712000, 9819057967

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT LTD**

श्रम इजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com

## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): Fitspecs (M) Sdn Bhd
रोजगारदाता कम्पनी : फिटस्पेक्स (एम) एस.डीएन.बीएचडी

पुन: विज्ञापन स्वीकृति मिति २०८०/०८/१८
Post Approval Date : 2023/12/04

| पूर्व स्वीकृति मिति: २०७९/०५/२७ (Pre Approval Date: 2022-09-12 | चलानी नं.: ६०१८७६८४ (Reference No. 60187684 | LOT No. 271583 | शहर: Malaysia |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working\ Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GENERAL WORKER जेनेरल वर्कस | 9 ९ | 0 ० | Proficient in reading, speaking writing understanding in English with Bachelor pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा ब्याचलर पास गरेको हुनुपर्ने | 1500 १५०० | 42780 ४२७८० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल ` व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगँज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक राजगारीमा जाने कामदारहरूले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कठौटी गरिने छैन ।

**Note** : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

**Interview Date /Venue :** अन्तर्वताको मिति र स्थान

अन्तर्वता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०८/२६ गते हुनेछ ।

Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated Dec. 12 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलुक सामाग्रीहरू जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरुले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.

अन्तर्वातामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौ । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरू देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्धता व्यक्त गर्दछौं । If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.

**बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :-** १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**

चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. 9802021361

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANDALA CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति: २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१८ | LT. No. 287097 | चलानी नं. ६०२०२४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 9 | 0 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manager Variety | 1 | 0 | 5700 | २०५,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIMA AL SHAMAL RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | LT. No. 295481 | चलानी नं. ६०२१०९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 3 | 0 | 1000 | ३५,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENCY HOUSE BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | LT No. 295860 | चलानी नं. ६०२१९७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 6 | 0 | 900 | ३२,७२५ | | | | | | | |
| 3 | Shuttering Carpenters | 3 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1200 | ४३,६३५ | | | | | | | |
| 5 | Tile Layer | 4 | 0 | 1500 | ४३,६३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALBARAKAH CLEANING SERVICES STN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१८ | LT No :282845 | चलानी नं. ६०१९८३६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 100 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ABDULLAH AL AREEDH COMPANY.

पूर्व स्वीकृति मिति : २०८०/०८/१७ | LT. No. 295879 | चलानी नं. ६०१९०९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 5 | 0 | 1800 | ६४,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**

Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOO KWAI HEONG SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१८ | LT. No. 277039 | चलानी नं. ६०१९२६३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 2 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.**

श्रम ईजाजत नं. ३१७/०५९/०६०

सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४,
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np

प्रभाव दैनिक

रूपशाला

## अमेरिकाका १२ राज्यमा गुञ्जिइन् अस्मिता

गायिका अस्मिता अधिकारीले संयुक्त राज्य अमेरिकाका १२ वटा सहरमा कन्सर्ट सम्पन्न गरेकी छन् । 'यूएसए फर्स्ट म्युजिकल यात्रा - भोल्युम वन' नाममा भएको कन्सर्ट न्यूयोर्क, बोस्टन, सिएटल, सान फ्रान्सिस्को, डलास, एटलान्टा, साक्रामेन्टो, एक्रोन, कोलम्बस र ह्यारिसबर्गमा सम्पन्न भएको हो । नेपालीहरूका प्रमुख दुई पर्व दसैं र तिहारको अवसरमा अक्टोबर २१ मा टेक्ससको डलासबाट सुरू भएको कन्सर्ट नोभेम्बर २५ मा भर्जिनियामा समापन भएको थियो । अधिकारीले पहिलो पटक अमेरिकामा आफ्नो प्रस्तुति दिएकी हुन् ।



मंगलबार, १९ मंसिर २०८० (Tuesday, December 5, 2023)

# केक काट्दै 'परदेशी २'ले मनायो ५१औं दिन

■ प्रभाव संवाददाता



**काठमाडौं–** नारायण रायमाझी निर्देशित फिल्म 'परदेशी २'ले प्रदर्शनको ५१औं दिन पार गरेको छ। फिल्मले शनिवारबाट प्रदर्शनको ५१औं दिन पुरा गरेको हो । निर्माण युनिटले फिल्मले ५१ औं दिन पार गरेको उपलक्ष्यमा केक काट्टै खुसी साटासाट गरेको छ ।

कार्यक्रममा फिल्मका कलाकार प्रकाश सपुत, केकी अधिकारी, निर्माता राजेश वंशल, निर्माता छविराज ओझा लगायत सहभागी थिए । गत दसैंको अवसर पारेर असोज २६ गतेबाट प्रदर्शनमा आएको फिल्ममा प्रकाश सपूत, केकी अधिकारी र वर्षा सिवाकोटी स्टारको मुख्य भूमिका छ। फिल्मले काठमाडौंको अष्टनारायण पिक्चर्स, गोपीकृष्ण मुभिज र आइएनआई सिनेमाज बानेश्वर र उपत्यका बाहिरको बुटवलको मिलन सिनेमा हल, दाङको श्री गणेश सिनेमा हल र भिएफएक्स सिनेमाज, कावासोतीमा रहेको कावासोती सिनेम्याक्स, नेपालगञ्जमा रहेको सिने रोयल, पोखराको श्रीकृष्ण हलमा ५१औं दिन मनाउन सफल भएको निर्माता राजेश वंशलले जानकारी दिए ।

फिल्मले घरेलु बक्स अफिसमा ८ करोड हाराहारी ग्रस कलेक्सन गरेको छ । मानकृष्ण महर्जनको छायांकन, रामजी लामिछाने र गोविन्द राईको कोरियोग्राफी, अष्ट महर्जनको द्वन्द्व रहेको फिल्मलाई दीर्घ खड्काले सम्पादन गरेका हुन् ।

फिल्म नेपालको अलवा यूएई, कतार, इराक, ओमान, बहराइनलगायतका मध्यपूर्वका देशमा प्रदर्शन भइरहेको छ । अमेरिकाको पनि विभिन्न सहरमा फिल्मको प्रदर्शन सुरु भएको छ । निर्देशक रायमाझी स्वयं नै यतिबेला फिल्म प्रदर्शनका लागि अमेरिका पुगेका छन् । फिल्म कोरिया, अस्ट्रेलिया, यूके, हङकङ, न्यूजिल्याण्ड, क्यानडासँगै भारतमा समेत प्रदर्शन हुने तयारीमा रहेको निर्माता वंशलको धारणा रहेको छ ।

# मलेसियामा नेपाली बालबालिकालाई उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** मलेसियामा आयोजित अन्तर ाष्ट्रिय सौन्दर्य प्रतियोगिता 'ग्राण्ड ग्लोबल एम्बेसडर इन्टरनेशनल २०२३' मा नेपाली दुई बालबालिकाले उपाधि जित्न सफल भएका छन् । प्रतियोगितामा नेपालका तर्फबाट सहभागी बालक आरुष भट्टराईले शीर्ष उपाधि (ग्राण्ड विजेता) 'मिस्टर किड युनिभर्स ग्राण्ड ग्लोबल एम्बेसडर इन्टरनेशनल २०२३' जिन्दा र एल्भिरा महर्जन 'मिस किड एलोरिङ औरा ग्राण्ड ग्लोबल एम्बेसडर इन्टरनेशनल २०२३' (उप विजेता) बन्न सफल रहिन् ।

कोटाकिना बालु शहरमा नेभेम्बर २८ (मङ्गलवार) देखि डिसेम्बर ३ सम्म आयोजना भएको प्रतियोगितामा बालबालिकासँगै फेसन कोच राज फैजु पनि सहभागी थिए । फैजुले त्यहाँको टुरिजम निर्देशक इब्राहिम बिम ओथमानसँग समेत भेटेका थिए । भेटमा इब्राहिमलाई नेपालको तर्फबाट गिफ्ट समेत प्रदान गरेका थिए। उक्त अवसरमा इब्राहिमले आफूलाई मलेसियामा कार्यक्रम गर्न सुझाउँदै सहयोग गर्ने बचन समेत दिएको फैजुले बताए।

प्रतियोगितामा आरुष र एल्भिराले नेपाली कला संस्कृतिको प्रचार प्रसारको अलवा नेपालको पर्यटन स्थल समेत चिनाएका थिए। प्रतियोगितामा सहभागी दुबै बालबालिकाको फेसन कन्सेफ डिजाइनर श्रीषा बैदारले तयार गरेकी हुन्। भट्टराई रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सी आयोजक रहेको 'किंग फेस अफ द इयर २०२३' का विजेता हुन् भने महर्जन 'लिटिल प्रिन्सेस इन्टरनेशनल २०२३'की विजेता हुन्।

# चिट्ठीको गीत 'टुटेको तारा' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र चिट्ठीको पहिलो गीत 'टुटेको तारा' सार्वजनिक भएको छ। माधब राज खरेलको लेखन र निर्देशन रहेको उक्त चलचित्रमा चर्चित पार्श्व गायक शिव परियारको स्वर, डा. कृष्णहरि बरालको शब्दरचना रहेको छ । उक्त गीतलाई सञ्चारकर्मी समेत रहेका गायक तथा संगीतकार सरोज कोईरालाले संगीत गरेका छन् । गीतलाई ओएस्आर डिजिटल च्यानलबाट सार्वजनिक गरिएको छ ।

कमेडी जनारामा बनेको चलचित्र चिट्ठीको केन्द्रिय भुमिकामा संजीत भण्डारी, खड्ग बहादुर पुन मगर 'खबपु', गोपाल ढकाल 'छन्दे', नवराज थापा, मुस्कान लामा, कञ्चन चालिसे, प्रवण भुषाल, श्रीदेव भट्टराई लगायतका रहेका छन भने नम्रता खरेल, रश्मी भट्ट, मोहन निरौला, शान्तिप्रिय, राजन थापा, डेविल सिंह राजपुत, प्रल्हाद खरेल, उद्धव भट्टराई, समिर लामा, पुर्ण राई, पुरुषोत्तम सानु लगायत कलाकारहरूको अभिनय रहेको छ।

चलचित्रलाई जीवन पराजुली र राजन खरेल खिचेका हुन भने सम्पादन माधब खरेल र अच्यूत बजगाईले गरेका छन् भने, कलर संयोजक तथा भिएफ्एक्स समिर मिँया, गीतको मिक्सिङ तथा मिक्सिङ एवम् चलचित्रको ब्याकग्राउण्ड स्कोरिङ पुस्कर खत्रीले गरेका हुन्। मनोज परियारले चलचित्रको साउण्ड मिक्सिङ गरेका हुन् भने ५.१ साउण्ड मिक्सिङ अमित श्रेष्ठ, श्रृंगार नरेश खरेल, द्वन्द निर्देशन किरण दाहालले गरेका हुन्। त्यसैगरी अमृत चापागाईको पोष्टर डिजाईन र साहिल खानको पब्लिसिटी डिजाईन रहेको छ । चलचित्रको सहायक निर्माताको रूपमा अनिता कुँवर, समिर खान र कृष्णादेबी आचार्य रहेका छन् ।

काठमाण्डौ, काभ्रेपलाञ्चोक तथा ललितपुरका विभिन्न रमणीय स्थलहरूमा छायाँकन गरिएको चलचित्रचिट्ठीकोपोष्ट-प्रोडक्सनको सम्पुर्ण कार्य सकाएको निर्माण कम्पनीले प्रदर्शनी मिति भने छिट्टै तोकिने बताएको छ ।

एरा प्रोडक्सनको ब्यानरमा बनेको चलचित्र चिट्ठीलाई संचारकर्मी कमला जोशीले निर्माण गरेकी हुन् ।

## रंगशाला

**नेपाल सुपर लिग**

# झापा र काठमाडौं बराबरीमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** कप्तान अञ्जन बिष्ट बिनाको झापा एफसीले नेपाल सुपर लिग(एनएसएल)को दोस्रो सिजनमा दोस्रो बराबरी गरेको छ । दशरथ रंगशालामा सोमबार भएको आफ्नो तेस्रो खेलमा झापाले काठमाडौं रेजर्ससँग गोलरहित बराबरीको नतिजा सामना गरेको हो ।

पहिलो खेलमा स्पोर्टिङ इलामसँग १-० ले हार व्यहोरेको झापाले दोस्रो खेलमा पोखरा थन्डर्ससँग १-१ गोलको बराबरीको नतिजा सामना गरेको थियो । सोही खेलमा झापाका महत्त्वपूर्ण खेलाडी एवं कप्तान अञ्जन घाइते भएका थिए । त्यसकारण तेस्रो खेलमा झापाले कप्तान अञ्जनबिना खेले पनि काठमाडौंलाई रोक्न सफल भयो । जारी सिजन अपराजित काठमाडौंले झापाविरुद्ध राम्रो प्रदर्शन गर्न नसक्दा अंक बाँड्यो ।

यसअघि काठमाडौंले पहिलो खेलमा स्पोर्टिङ इलामलाई १-० ले हराउँदै सुखद सुरुवात गरेको थियो। तर, त्यसपछि एफसी चितवनसँग १-१ को बराबरी खेलेको काठमाडौंले तेस्रो खेलमा पनि बराबरीको नतिजा सामना गऱ्यो । यससँगै काठमाडौं तीन खेलबाट पाँच अंकसहित चौथो स्थानमा यथावत् छ । झापा भने तीन खेलबाट दुई अंकसहित आठौं स्थानमा छ । त्यसअघि खेलमा राम्रो अवसर सिर्जना हुन १४औं मिनेटसम्म कुर्नुपऱ्यो । काठमाडौं रेजर्सका कुलदीप कार्कीको लामो पास नियन्त्रणमा लिँदै हिसुब थपलियाको वान टच प्रहार झापाका गोलकिपर स्टेफन सुपिचले सहजै रोके ।

२७औं मिनेटमा झापाले पहिलो अवसर बनायो । प्रदीप लामाको थ्रु बल नियन्त्रणमा लिँदै जर्ज सान्चेजको पेनाल्टी क्षेत्रभित्र बाट गरेको प्रहार काठमाडौं गोलकिपर बचाए । ३१औं मिनेटमा काठमाडौंका सोखरुख महर्जनको फ्रिकिक प्रहार माथिल्लो बार हुँदै बाहिरियो । त्यसको तीन मिनेटपछि नै झापाका समिराज थोकरले पेनाल्टी क्षेत्रको लेफ्ट साइडबाट गरेको फितलो प्रहार काठमाडौंका गोलकिपर अभिसेक बरालले सहजै नियन्त्रणमा लिए । पहिलो हाफको थप समयमा सान्चेजले गोल गर्ने सुन्दर अवसर सदुपयोग गर्न सकेनन् ।

प्रदीप लामासँग वान टु पासमा खेल्दै सान्चेजले पेनाल्टी क्षेत्रभित्रबाट गरेको फितलो प्रहार काठमाडौंका गोलकिपर बरालले सहजै रोकिदिए । त्यससँगै पहिलो हाफ गोलरहित बराबरीमै रोकियो । दोस्रो हाफको सुरुवातमा नै झापाका सान्चेजले अग्रता बनाउने अवसर खेर फाले। अन्तिम डिफन्डर छक्याउँदै उनको फितलो प्रहार काठमाडौंका गोलकिपर बरालले सहजै रोके। ६४औं मिनेट झापाका समान्डर ओचिलोभको प्रहार गोलकिपर बरालले उत्कृष्ट पन्च गर्दै बाहिर पठाए। ओचिलोभको सशक्त प्रहार काठमाडौंका अन्जन राईसँग डिफ्लेक्ट भएर दिशा परिवर्तन गरे पनि बरालले उत्कृष्ट बचाउ गरे ।

लगत्तै ओचिलोभको सशक्त प्रहार पनि काठमाडौंका खेलाडीलाई ठोकिएर बाहिरियो । काठमाडौंका तोजिडिनोभ कोमिवानले पेनाल्टी क्षेत्रभन्दा केही बाहिरबाट गरेको फ्रिकिक प्रहार माथिल्लो बारभन्दा केही माथिबाट बाहिरियो । ८६औं मिनेटमा एनकेङ्ग्यु जुनियरले काठमाडौं रेजर्सलाई अग्रता दिलाउने अवसर गुमाए । राजीव लोप्चनले दिएको पासमा नियन्त्रण गर्दै अगाडि बढेका जुनियरको पेनाल्टी क्षेत्रबाट प्रहार झापाका गोलकिपर सुपिचले उत्कृष्ट बचाउ गर्दै आफ्नो टोलीको संकट टारे । त्यसपछि बाँकी समयमा पनि गोल हुन सकेन र खेल बराबरीमै टुङ्गियो ।

# क्रिकेट एकेडेमी र स्पोर्ट्स क्लब विजयी

**धनगढी (प्रस)–** कैलालीको धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग एलपिएलको आठौं संस्करण अन्तर्गत दोश्रो दिन सम्पन्न दुई खेलमा धनगढी क्रिकेट एकेडेमी र धनगढी स्पोर्ट्स क्लब विजयी भएका छन् ।

धनगढी क्रिकेट एकेडेमीले कैलाली मल्टिपल क्याम्पसलाई तथा धनगढी स्पोर्ट्स क्लबले कैलाली जिल्ला क्रिकेट क्लबलाई पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गऱ्यो। सोमबार पहिलो खेलमा समुह बि अन्तर्गत धनगढी क्रिकेट एकेडेमीले कैलाली मल्टिपल क्याम्पसलाई ४३ रनले पराजित गर्दै प्रतियोगिताको विजयी सुरुवात गऱ्यो । फाप्ला क्रिकेट मैदानमा निर्धारित १५ ओभरमा १२५ रनको लक्ष्य पछ्याएको कैलाली मल्टिपल क्याम्पसले पुरै ओभर ब्याटिङ गरेपनि ९ विकेट गुमाएर ८१ रन मात्र बनाउन सक्यो । धनगढी क्रिकेट एकेडेमीका बलर निरज ऐरले ४ विकेट लिँदै कैलाली मल्टिपलको इनिङ्स धरासायी बनाए। प्लेयर अफ द म्याच घोषित ऐरले ३ ओभरमा १ मेडन ओभर फाल्दै मात्र ४ रन खर्चिए । यसअघि टस हारेर ब्याटिङ गरेको धनगढी क्रिकेट एकेडेमीले १५ ओभरमा ६ विकेट गुमाएर १ सय २४ रन बनायो।

दोश्रो खेलमा समुह ए अन्तर्गत धनगढी स्पोर्ट्स क्लबले कैलाली जिल्ला क्रिकेट क्लबलाई ७२ रनले पराजित गऱ्यो। धनगढी स्पोर्ट्सले दिएको १ सय ६७ रनको लक्ष्य पछ्याएको कैलाली जिल्लाले १५ दशमवल २ ओभरमा ९४ रनमा समेटियो । प्रतियोगिता अन्तर्गत मंगलबार दुई खेल संचालन हुनेछन् । पहिलो खेल बिहान ९ बजे सुदूरपश्चिमांचल एकेडेमी र घोडाघोडी क्रिकेट एकेडेमीबीच तथा दिउँसो १ बजे शुक्लाफाँटा ब्ल्याकबक्स र खप्तड इन्डोरबीच हुनेछ।

# फेवाताल किनारमा पुरुष भलिबल हुने




■ प्रभाव संवाददाता

**पोखरा–** पोखरा महानगरपालिका भलिबल संघको आयोजनामा आगामी पौष १४ देखि १६ गतेसम्म 'पोखरा कप अन्तर क्लबस्तरीय पुरूष भलिबल प्रतियोगिता' हुने भएको छ ।

अंग्रेजी नयाँ वर्षको अवसरमा रेष्टुरेन्ट एण्ड बार एसोसिएसन रेबान पोखराले आयोजना गर्दै आएको सडक महोत्सवको २५ औं संस्करणको अवसरमा फेवाताल किनार बसुन्धरा पार्कमा भलिबल संघले प्रतियोगिता गर्न लागेको हो ।

प्रतियोगितामा पोखरा बाहिरका क्लब पनि सहभागी हुन पाउने र टिममा दुई जनासम्म राष्ट्रिय खेलाडी समावेश गर्न पाइने भलिबल संघका अध्यक्ष एवं खेल संयोजक रामबहादुर लामिछानेले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रतियोगिताको विजेताले १ लाख ११ हजार १ सय ११ रूपैयाँ र उपविजेताले ७७ हजार ७ सय ७७ रूपैयाँसहित सिल्ड, मेडल र प्रमाणपत्र पाउने छन् ।

विधागत पुरस्कारतर्फ बेष्ट सेटर, बेष्ट स्पाइकर, बेष्ट सर्भर, बेष्ट ब्लकर, बेष्ट डिफेन्डर लिबेरोले समान ३ हजार रूपैयाँसहित कप र प्रमाणपत्र पाउने भलिबल संघका सचिव युवराज गुरूङले जानकारी दिए । उत्कृष्ट खेलाडीले १० हजार रूपैयाँसहित कप र प्रमाणपत्र पाउने छन् ।

पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष लामिछानेले स्थानीय स्तरबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए । सामुदायिक एवं संस्थागत विद्यालयमा रहेका भलिबल खेलाडीलाई प्रतियोगिताले भलिबलप्रति ऊर्जा भर्ने उनको दाबी थियो । पत्रकार सम्मेलनमा शिक्षा महाशाखा प्रमुख हेम आचार्य, रेबान पोखराका कार्यालय सचिव कमलराज कोइरालालगायतको उपस्थिति थियो ।

पोखरा महानगरपालिका, पोखरा महानगरपालिका खेलकुद विकास समिति, पोखरा महानगरपालिका शिक्षा महाशाखा, रेबान पोखरा, नेपाल भलिबल संघ, जिल्ला भलिबल संघ कास्की, जिल्ला खेलकुद विकास समिति कास्की, प्रदेश भलिबल संघ गण्डकी, प्रदेश खेलकुद परिषद् गण्डकी, टाइगर ग्रूप पोखरा, वडा प्रहरी कार्यालय बैदाम प्रतियोगिताका सहयोगी संस्था हुन् । प्रतियोगितामा १२ वटा टिम सहभागी हुने आयोजकको अनुमान छ ।



रुसको सेन्ट पिटर्सबर्गमा हिउँमाथि स्केटिङ रिंकमा रमाइलो गर्दै । तस्बिरः सिन्हवा

## रुसद्वारा युक्रनेमा १८ ड्रोन तथा एक क्षेप्यास्त्र आक्रमण

**किएभ (युक्रेन)–** युक्रेनको हवाई सेनाले उसले सोमबार रुसले हमला गरेका इरानमा निर्मित शहिद ड्रोनहरूमध्ये १८ ड्रोन र एउटा क्षेप्यास्त्रलाई खसालेको बताएको छ ।

मस्कोले सामान्यतया हरेक साता युक्रेनमा दर्जनौं ड्रोनले हमला गर्दछ । उसले युक्रेनका ऊर्जा संयन्त्र र सैन्य ठेगानालाई लक्षित गर्दै आएको छ । युक्रेनको हवाई सेनाले एक सामाजिक मिडियो पोस्टमा भनेको छ, 'लडाइँको अभियानमा १८ वटा ड्रोन र एउटा एक्स-५९ निर्देशित क्षेप्यास्त नष्ट गरिएको छ ।'

स्थानीय अधिकारीहरूले लिभिभ, इभाने-फ्रान्किभिस्क र खमेलनित्स्कीका पश्चिमी क्षेत्रका साथै दक्षिमा माइकोलाइभ र खेरसनमा हमला भएको सूचना दिएका छन् । खेरसनमा एउटा सांस्कृतिक केन्द्र र एउटा पसललाई निशाना बनाइएको थियो । हमलामा सम्भावित हताहतको कुनै जानकारी प्राप्त भएको छैन । मौसम परिवर्तन संगै तापक्रम माइनसमा झर्दा विद्युत् तथा अन्य ऊर्जा केन्द्रमा रुसले आक्रमण गर्ला कि भन्ने युक्रेनलाई डर छ । *रासस/सिन्हवा*

# सेना फिर्ता गर्न भारत सहमत भएको माल्दिभ्सको भनाइ

**नयाँदिल्ली–** रणनीतिकरूपमा अवस्थित टापु समूह राष्ट्र माल्दिभ्सका राष्ट्रपतिले आफ्नो मुलुकबाट सेना फिर्ता गर्न भारत सहमत भएको बताएका छन् । राष्ट्रपति निर्वाचनअघि उनले भारतीय सेना फिर्ता गराउने वाचा गरेका थिए ।

भ्रष्टाचारको आरोपमा कारागारमा रहेका चीन समर्थक पूर्वराष्ट्रपतिको अप्रत्यक्ष सहयोगमा मोहम्मद मुइज्जु गत सेप्टेम्बरमा राष्ट्रपतिमा निर्वाचित भएका थिए । यद्यपि उनले भारतीय सेनाको स्थानमा चिनियाँ सैनिक तैनाथ गरेर क्षेत्रीय सन्तुलनलाई बिगार्ने आफ्नो मनसाय नरहेको बताए । 'भारत सरकारसँगको शृंखलाबद्ध रचनात्मक बैठक र संवादपछि भारतीय सैनिक फिर्ता गर्ने सहमति भएको छ,' आइतबार राति राष्ट्रपतिको कार्यालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ । समुद्री क्षेत्रमा गस्ती गर्ने तीनवटा उपहारप्राप्त विमान सञ्चालन गर्नका लागि भारतीय कर्मचारीहरू तैनाथ छन् ।

प्राचीन सेतो समुद्री तट र एकान्त रिसोर्टहरूका साथ मुख्यरूपमा दक्षिण एसियाको सबैभन्दा महँगो बिदा मनाउने स्थलहरूमध्येको एकका रूपमा चिनिने माल्दिभ्स भूराजनीतिक 'हटस्पट' बनेको छ । विश्वव्यापी पूर्व-पश्चिम ढुवानी लेनहरूले भूमध्य रेखा पार गरी ८०० किलोमिटर (५०० माइल) फैलिएको माल्दिभ्सको एक हजार १९२ साना कोरल टापुहरूको शृंखलालाई पार गर्दछ ।

राष्ट्रपति मुइज्जुको कार्यालयले भारतीय सैनिकहरूको फिर्तीको सम्झौता 'प्राविधिकस्तरमा प्रगतिमा रहेको' जनाएको छ । आफ्नो माटोमा विदेशी सैन्य उपस्थितिको अनुपस्थिति सुनिश्चित गर्नका लागि प्राथमिकरूपमा कूटनीतिक च्यानलहरू प्रयोग गर्ने आफ्नो प्रतिबद्धतामाथि जोड दिएको विज्ञप्तिमा उल्लेख छ ।

माल्दिभ्सले सेना फिर्ताका लागि कुनै समयसीमा दिएको छैन र सोमबार नयाँदिल्लीबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन । दुबईमा संयुक्त राष्ट्रसंघीय कोप-२८ सम्मेलनका अवसरमा राष्ट्रपति मुइज्जु र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भएको एक बैठकपछि यस्तो सहमति भएको हो । माल्दिभ्सले भनेको छ, 'दुवै नेता माल्दिभ्समा एउटा उच्चस्तरीय समिति स्थापना गर्न सहमत भएका छ ।' *रासस/एएफपी*

## अफगानिस्तानका भूकम्पप्रभावितलाई चीनले दियो पाल

**हेरात (अफगानिस्तान)–** पश्चिमी अफगानिस्तानको हेरात प्रान्तमा २८० भन्दा बढी भूकम्पप्रभावित परिवारलाई चीनले पाल प्रदान गरेको एक सरकारी अधिकारीले सोमबार बताएका छन् ।

प्रान्तको राष्ट्रिय विपद् प्राधिकरणका वित्त तथा व्यवस्थापनका प्रमुख अधिकारी अब्दुल सलाम बारिक्जाईले आइतबार जिन्दादान जिल्लामा प्रतिभूकम्पप्रभावित परिवारलाई एउटा पाल वितरण गरिएको र सहयोग वितरण प्रक्रिया जारी रहने बताए ।

सहयोग प्राप्त गर्ने अब्दुल करिमले भने, 'विशेषगरी भूकम्प प्रभावितलाई मानवीय सहयोग पठाएकामा म चीनप्रति आभारी छु, यो सहयोगले हाम्रो समस्यालाई केही हदसम्म समाधान गर्ने छ, मेरो घर क्षतिग्रस्त भएको छ र यो पाल हाम्रा लागि आश्रय बन्न सक्छ ।' चीनले हालै मानवीय सहयोगका लागि ४१ कन्टेनर पठाएको र वितरण प्रक्रिया आइतबार जिन्दादानमा भूकम्प प्रभावित परिवारलाई पाल दिएर सुरु गरिएको बारिक्जाईले बताए । उनले आवश्यक परेका परिवारलाई कपडासहित अन्य सामग्री वितरण गरिने जानकारी दिए ।

अफगानिस्तानमा अक्टोबर ७ मा दुईवटा घातक भूकम्प गएको थियो । पहिलो भूकम्प ६.२ रेक्टर स्केलको थियो । जिन्दादान केन्द्रबिन्दु भएर गएको भूकम्पबाट हजारौं मानिस हताहत भएका थिए । *रासस/सिन्हवा*

# चारमध्ये तीन राज्यमा भाजपा विजयी, कांग्रेस एक राज्यमा सीमित

**नयाँदिल्ली–** भारतको सत्तारूढ दल हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा)ले आइतबार सम्पन्न मतदानबाट प्राप्त परिणामअनुसार चार राज्यमध्ये तीनमा जित हासिल गरेको छ ।

निर्वाचन आयोगको वेबसाइटअनुसार प्रधानमन्त्री नरेन्द्र मोदीको भाजपाले भारतीय राष्ट्रिय कांग्रेसबाट छत्तीसगढ र राजस्थान राज्यको नियन्त्रण खोसेको छ र कीर्तिमानी पाँचौं कार्यकालका लागि मध्यप्रदेशमा पुनः विजय हासिल गरेको छ ।

कांग्रेसले तेलंगना राज्यमा सजिलै जित हासिल गरेको छ । तेलंगनामा भाजपको विरोध गर्ने पार्टीका रूपमा चिनिएको बलियो तेलंगना राष्ट्र समितिको शासन छ । पाँचौं राज्य मिजोरममा सोमबार मतगणना हुने छ । यहाँ भाजपाको क्षेत्रीय सहयोगी दल मिजो नेसनल फ्रन्ट सत्तामा छ ।



यी पाँच राज्यमा गत महिना मतदान भएको थियो र १६ करोडभन्दा बढी मानिस मतदान गर्न योग्य थिए । भारतमा मतदान सामान्यतया ठूलो जनसंख्याका कारण चरणबद्ध रूपमा गरिन्छ ।

प्रधानमन्त्री मोदीले आफ्नो पार्टी विजयी भएका राज्यहरूमा 'मतदाताको अटुट समर्थन'का लागि मतदाताहरूलाई धन्यवाद दिएका छन् । 'छत्तीसगढ, मध्यप्रदेश र राजस्थानको नतिजाले भारतीय जनता सुशासन र विकासको राजनीतिमा दृढ छन् भन्ने संकेत गर्दछ, सुशासन र विकासका लागि भाजपा खडा छ,' मोदीले सामाजिक सञ्जाल एक्समा भने ।

कांग्रेस नेता राहुल गान्धीले तीन राज्यमा हार स्वीकार गरे । 'विचारको लडाइँ जारी रहने छ,' तेलंगनाका जनतालाई धन्यवाद दिँदै उनले एक्समा भनेका छन् ।

विजयी भएको खुसियालीमा भाजपाका कार्यकर्ताहरू केहीले मोदीको मुखुन्डो लगाएर नाचेका थिए भने मिठाइ बाँड्दै खुसीको प्रतीकका रूपमा एकआपसमा रङ दलेका थिए । नयाँदिल्ली पार्टी मुख्यालयमा प्रधानमन्त्री मोदी भाजपा कार्यकर्ताहरूबीच हिँडे । सम्बोधनमा उनले इमानदारी, पारदर्शिता र सुशासनको जित भएको बताए ।

करिब एक दशक सत्तामा रहेका मोदी र उनको पार्टी राष्ट्रियस्तरमा लोकप्रिय भएको छ । उनले सन् २०२४ मा लगातार तेस्रोपटक जित हासिल गर्ने सर्वेक्षणहरूले देखाएका छन् ।

यद्यपि इन्डिया भनिने २८ विपक्षी दलहरूको नयाँ गठबन्धनबाट मोदीको पार्टीलाई राष्ट्रियस्तरमा चुनौती हुने अपेक्षा गरिएको छ । इन्डियाको नेतृत्व कांग्रेसले गरेको छ । निर्वाचनअघि मतदाताहरूलाई आकर्षित गर्नका लागि मोदी र गान्धी दुवैजना पाँचै राज्यमा पुगेका थिए । उत्साहपूर्ण निर्वाचन अभियानमा दुवै नेताले मतदाताहरूलाई अनुदान, ऋण मिनाहा र रोजगारीको प्रत्याभूति दिएका थिए । *रासस/एपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESAD FOR HUMAN RESOURCES MANAGEMENT

पूर्व स्वीकृति मिति २०८०/०८/१५ LT. No. 295808 चलानी नं. ६०२१०९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 7 | 0 | 1600 | ५६,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Kitchen Worker | 14 | 0 | 1000 | ३५,६०० | | | | | | | |
| 3 | Office And Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५,६०० | | | | | | | |
| 4 | Waiter | 11 | 0 | 1300 | ४६,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

**HAMDAN GLOBAL PVT. LTD.**

Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WHEAT TASTE RESTAURANT

पूर्व स्वीकृति मिति : २०८०/०८/१८ LT. No. 295092 चलानी नं.६०२१०९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Chef | 3 | 0 | 180 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Kitchen Helper | 4 | 0 | 130 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१८ LT. No. 287123 चलानी नं. ६०२०२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 0 | 1 | 4500 | १६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Data Analyzer | 5 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 3 | Data Entry | 12 | 0 | 2700 | ९६,६६० | | | | | | | |
| 4 | Driver | 5 | 0 | 2200 | ७८,७६० | | | | | | | |
| 5 | Foreman | 7 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 6 | General Clean Worker | 1 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 7 | Guard | 1 | 0 | 1800 | ६४,४४० | | | | | | | |
| 8 | Labour | 30 | 0 | 1000 | ३५,८०० | | | | | | | |
| 9 | Marketing Representative | 0 | 1 | 4000 | १४३,२०५ | | | | | | | |
| 10 | Receptionist | 1 | 2 | 1700 | ६०,८६० | | | | | | | |
| 11 | Representative | 2 | 0 | 2500 | ८९,५०० | | | | | | | |
| 12 | Supervisior | 8 | 0 | 2500 | ८९,५०० | | | | | | | |

कम्पनी : SALON AL INSAF W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०४/१० पुन विज्ञापन स्वीकृति मितिः२०८०/०८/१८ LT. No. 289902 चलानी नं. ६०२०५२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 9 | 1700 | ६०,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Hanna Beautician | 0 | 1 | 1700 | ६०,८६० | | | | | | | |
| 3 | Salesman | 1 | 0 | 1500 | ५४,०१० | | | | | | | |
| 4 | Women Hairdresser | 0 | 5 | 1700 | ६०,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० मंसिर २६ गते (12th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**

श्रम ईजाजत नं. १२२४/०७४/०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य


| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १२१६०० | प्रति तोला – १२१००० | प्रति तोला – १५४५ |



**घोडामा पर्यटक** | म्याग्दीको पर्यटकीयस्थल पुनहिलमा घोडामा सयर गरेर मनोरञ्जन लिँदै पर्यटक । घोडेपानीदेखि पुनहिलसम्म पर्यटकहरूको सुविधाका लागि घोडा सयरको व्यवस्था छ ।
*तस्बिर: कमल खत्री/रासस*

# ‘पेट्रोलियम अन्वेषणले दीर्घकालीन लक्ष्य प्राप्त हुन्छ’

■ **प्रभाव संवाददाता**



**कर्णाली–** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले दैलेखको पेट्रोलियम अन्वेषणले समृद्ध नेपालको दीर्घकालीन लक्ष्य प्राप्त हुने बताएका छन् ।

एमालेले सञ्चालन गरेको ‘झुलाघाट चिवाभञ्ज्याङ, समृद्धिका लागि संकल्प यात्रा’ अभियानअन्तर्गत कर्णाली प्रदेशको दैलेख जिल्लामा पुगेका अध्यक्ष ओलीले सोमबार भैरवी गाउँपालिका-१ स्थित श्रीस्थान ज्वाला क्षेत्रको स्थलगत अवलोकनका क्रममा पेट्रोलियम पदार्थको उत्खनन् गर्नुपर्नेमा जोड दिए । उनले मुलुकको समृद्धिका लागि पेट्रोलियम पदार्थ अन्वेषणको विकल्प नभएको भन्दै उत्खनन् कार्यमा तीव्रता दिन आग्रह गरे ।

‘दैलेख पुरातात्विक महत्व भएको जिल्ला मात्रै होइन्, पेट्रोलियम पदार्थको राम्रो सम्भावना भएको जिल्ला पनि हो’, अध्यक्ष ओलीले भने, ‘यसको थप खोज, अध्ययन र अनुसन्धानको काम अघि बढ्नुपर्छ भनेर अन्वेषणको कामका लागि टोली खटाएका थियौं ।’ उनले अन्वेषण विभागको टोलीसँगको ब्रिफिङपछि देशलाई समृद्धिको मार्गमा ल्याउन पेट्रोलियम पदार्थको उत्खनन्ले ठूलो भूमिका खेल्ने बताए ।

खानी तथा भूगर्भ विभागका अन्वेषण परियोजना प्रमुख दिनेशकुमार नापीतले चिनियाँ अन्वेषण टोलीले पेट्रोलियम पदार्थको राम्रो सम्भावना भएको निचोड निकालेको बताए । उनले भने, ‘उत्खनन टोलीको प्रतिवेदन अनुसार पहिलो तीन हजार पाँच सयदेखि चार हजार मिटरसम्म पेट्रोलियम पदार्थको सम्भावना देखिएको छ । चार हजार पाँच सय मिटरसम्म पनि यसको सम्भावना निकै राम्रो देखिन्छ ।’

दैलेखको भूभागमा पेट्रोल र ग्यासको भण्डारणको सम्भावनाको अध्ययनका लागि विसं २०७६ असोजदेखि अन्वेषणको काम सुरु गरिएको थियो । नेपाल र चीन सरकारबीच भएको सम्झौताअनुसार दैलेखमा सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरिएको थियो ।

देशकै आर्थिक अवस्थामा सुधार आउने आशा गरिएको पेट्रोलियम अन्वेषणको अध्ययन प्रतिवेदन परियोजना प्रमुख नापितले अध्यक्ष ओलीलाई हस्तान्तरण गरे । अध्यक्ष ओलीसहित उत्खनन् क्षेत्रमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेलसहितका केन्द्रीय नेताहरूले पनि स्थलतगत अवलोकन गरेका थिए ।

# ‘औद्योगिक राष्ट्रका कारण नेपालमा विपद्’

■ **भीष्मराज ओझा**

**यूएई (दुबई)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले औद्योगिक राष्ट्रहरूका कारण विश्वव्यापी तापक्रम तीव्ररूपमा वृद्धि भइरहेको उल्लेख यसबाट उत्पन्न जलवायु परिवर्तनले नेपालले ठूलो क्षति व्यहोहोर्नु परेको बताएका छन् ।

संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा भइरहेको जलवायुसम्बन्धी अन्तर ाष्ट्रिय सम्मेलनका अवसरमा साथसाथै संस्थाले नेपालको पेभिलियनमा आयोजना गरेको कार्यक्रममा उनले औद्योगिक राष्ट्रहरूले उत्सर्जन गरेको कार्बनका कारण नेपालजस्ता कार्बन उत्सर्जनमा न्यून योगदान भएका मुलुकहरूले बढी क्षति व्यहोर्नु परेको उल्लेख गरे ।

‘जलवायु परिवर्तन र हिमाल, महिला तथा जोखिममा रहेका समुदायमा पारेको असर’ शीर्षकमा आयोजित कार्यक्रममा मन्त्री बस्नेतले नेपालले जलवायु परिवर्तन न्यूनीकरणका लागि गरेको आफ्नो प्रतिबद्धतालाई पूरा गर्नेतर्फ अग्रसर रहेको स्पष्ट पारे । विकसित मुलुकहरूले आफूले गरेका प्रतिबद्धता पूरा गर्नुपर्नेमा उनको जोड थियो ।

मन्त्री बस्नेतले भने, ‘जलवायु परिवर्तनको जोखिममा नेपालजस्ता भौगोलिक जटिलता रहेका मुलुक छन् भने त्यसमा पनि महिला, बालबालिका, अशक्त र सीमान्तकृत समुदाय बढी जोखिममा परेका छन् । हामीले आफ्ना प्रतिबद्धताहरू पूरा गरिरहेका छौँ । तर, औद्योगिक राष्ट्रहरूले कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता पूरा गर्नुपर्दछ ।’

नेपालले जलवायु परिवर्तन न्यूनीकरणका लागि कार्बन उत्सर्जन कम गर्न स्वच्छ ऊर्जाका क्षेत्रका विभिन्न काम गरिरहेको जानकारी गराउँदै मन्त्री बस्नेतले भने, ‘बढी जोखिममा रहेका महिला, बालबालिकाका साथै सीमान्तकृत समुदायलाई केन्द्रमा राखेर समावेशी समाज निर्माणमा नेपाल सरकारले काम गरिरहेको छ ।’

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ विकास व्यवस्थापन तथा जलवायु सल्लाहकार डा. पपुलर जेन्टलले जलवायु परिवर्तनका कारण महिला बढी जोखिममा रहेको उल्लेख गर्दै सामाजिक जिम्मेवारीका कारण महिलाले थप जोखिम भोग्नुपरेको बताए । साथै उनले जलवायु परिवर्तन न्यूनीकरणका लागि प्राप्त हुने अनुदान र सहयोग त्यस्ता जोखिममा रहेका समुदायको उत्थान र सीपमा प्राथमिकता दिनेगरी नीति निर्माणमा लाग्न जोड दिए ।

कार्यक्रममा साथसाथैका अध्यक्ष प्रजिता कार्कीले जलवायु न्यायका लागि हिमाल र महिलाको विषयलाई केन्द्रमा राख्नुपर्ने उल्लेख गर्दै भने, ‘महिला तथा जोखिममा रहेका समुदायलाई केन्द्रमा राखेर मात्रै जलवायु न्याय प्राप्त गर्न सकिन्छ ।

जलवायु परिवर्तनले नेपालका हिमालहरूको हिउँ पग्लिने क्रम तीव्र बढेको छ । यसले जलवायुजन्य विपद् सृजना गरेको छ । जसको प्रत्यक्ष मारमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदाय परेका छन् । उनीहरूको न्यायका लागि सरोकारवाला सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्दछ ।’

महिला तथा जलवायु अनुकूलन विज्ञ डा राधा वाग्लेले ग्रामीण र सीमान्तकृत समुदायका महिला उच्च जोखिममा रहेको बताए । *रासस*

## झिनो अंकले घट्यो नेप्से

**काठमाडौं (प्रस)–** सातामा कारोबारको दोस्रो दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्रा कायमै देखिएको छ । आइतबार सात दशमलव २९ अंकले घटेको नेप्से परिसूचक सोमबार तीन दशमलव ४२ अंकले घटेको छ । कारोबारपछि नेप्से परिसूचक एक हजार आठ सय ४७ दशमलव ८१ अंकमा कायम भएको छ ।

विभिन्न कम्पनीका दुई सय ९२ कम्पनीको ३८ लाख ९६ हजार दुई सय ८७ कित्ता सेयर ४३ हजार चार सय २८ पटक खरिदबिक्री हुँदा रू एक अर्ब १९ करोड ७२ लाख ५७ हजार आठ सय ९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक समूह शून्य दशमलव ०२, वित्त समूह शून्य दशमलव ५५, जीवन बीमा समूह शून्य दशमलव ९७, म्युचुअल फन्ड शून्य दशमलव १५ र निर्जीवन बीमा समूह शून्य दशमलव ३५ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।

सबैभन्दा धैरै बैंकिङ र अन्य समूहको उपसूचक समान शून्य दशमलव ६२ प्रतिशतले घटेको छ । त्यस्तै, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव १२, लगानी शून्य दशमलव ४८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३५, लघुवित्त शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ४५ अंकले घटेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य सबैभन्दा धैरै आठ दशमलव ०६ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरे घट्नेमा एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड र माउन्टेन इनर्जी नेपाल लिमिटेडको सेयर मुल्यमा समान नौ दशमलव ९९ प्रतिशतको गिरावट देखिएको छ ।

# रिलायन्स फाइनान्स पन्ध्रौं वर्षमा




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रिलायन्स फाईनान्स लि. चौधौं वर्ष पूरा गरि पन्ध्रौं वर्षमा प्रवेश गरेको छ । नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको वित्तीय कारोबार गर्न इजाजत प्राप्त गरी २०६६ साल मंसिर १८ गते बाट आफ्नो कारोबार शुरु गर्दै आएको हो ।

संस्थाको बार्षिकोत्सवको अवसरमा संस्थाले ‘संस्थागत सामाजिक उत्तरदायित्व’ अन्तर्गत विपन्न वर्गका लागि शिक्षा, स्वास्थ्य तथा सोक्षेत्रमा संलग्न तथा क्रियाशील संस्थाहरूलाई सहयोग गर्ने क्रममा यस संस्थाको चौधौं बार्षिक उत्सवको अवसरमा मानवसेवा आश्रम, रानीवन काठमाडौंमा रहेका आश्रीत बृद्धाहरूलाई आवश्यक पर्ने वासिङ्ग मेसीन संस्थाका अध्यक्ष कुश प्रसाद मल्लीले उक्त संस्थालाई हस्तान्तरण गरे ।

उक्त कार्यक्रमम संस्थाका प्रमुख कार्यकारी अधिकृत समाज प्रकाश श्रेष्ठको उपस्थिति रहेको थियो । संस्थाको वार्षिक उत्सवको अवसरमा संस्थाको केन्द्रिय कार्यालय कमलादी तथा बनेपा शाखामा रक्तदान कार्यक्रम र शाखा कार्यालय सितापाईलामा निः शुल्क आँखा, कान तथा घाँटीको जाँच शिविर भव्यताका साथ संचालन गरि शिविरमा आएका विरामीहरूको लागि संस्थाले निःशुल्क औषधी तथा चस्मा पनि वितरण गरेको थियो ।

साथै संस्थाका न्यूरोड शाखा, इमाडोल शाखा, पोखरा शाखा वेशीसहर शाखा, कोहलपुर शाखा, धनगढी शाखा, टाँडी शाखा र भैरहवा शाखाले न्यानो कपडा वितरण गर्ने, स्टेशनरी वितरण, डस्टविन वितरण, युरोगार्ड वितरण तथा मंन्दीरमा कुर्सी वितरण गरि विभिन्न सामाजिक संघ संस्थालाई सहयोग गरेका थिए ।

संस्थाले आफ्नो २२ वटा शाखा मार्फत निक्षेप तथा कर्जाका अतिरिक्त सेवाग्राहीहरूलाई मोबाइल बैंकिङमार्फत् विभिन्न भुक्तानी सेवा, क्यूआर टेलर सेवा, एससीटी नेटवर्क एटीएम, विभिन्न रेमिटेन्स सेवाहरू, आईपीएस, कनेक्ट आईपीए, एबीबीएस, इलेक्ट्रोनिक चेक क्लियरिङसमेतका अत्याधुनिक प्रविधिका सेवा प्रदान गर्दै आएको छ ।

रिलायन्सले काठमाडौंको कमलादीमा केन्द्रीय कार्यालय भई शाखा कार्यालयहरू न्यूरोड काठमाडौं, सितापाईला काठमाडौं, ईमाडोल ललितपुर, नारायणघाट चितवन, टाँडी चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीशहर लमजुङ्ग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, गोरखा बजार गोरखा, चारआली झापा, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, मणीग्राम रूपन्देही, भैरहवा रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, अत्तरीया कैलाली, महेन्द्रनगर कन्चनपुर र कोहलपुर बाँकेमार्फत् सेवा पुऱ्याउँदै आईरहेको छ ।

महिला हिंसा रोकौं:
असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरीक पीडा हुने घटना महिला हिंसाका घटना हुन् ।
- महिलामाथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन् ।
- यस्ता घटनाहरू नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं ।

महिला हिंसाविरुद्धको १६ दिने अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ